# विद्यालय सुपरिवेक्षणमा स्रोत केन्द्रको भूमिका

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह द्वितिय वर्षको आंशिक आवश्यकता

परिपूर्तिका लागि प्रस्तुत

## शोध-पत्र

शोधकर्ता

मुना नेपाल

एम्.एड्. दोश्रो वर्ष

क्याम्पस क्रमाङ्क ८२/२०६८

परीक्षा क्रमाङ्क २०४००९३/२०७३

त्रि.वि.दर्ता नं. ९-३-२०४-०१७८-२०१०

कनकाई बहुमुखी क्याम्पस

सुरुङ्गा, झापा

२०७४ / सन् २०१७

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका–३, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३–५५०१५३
Fax : ०२३–५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :.............................

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका परीक्षा क्रमाङ्क २०४००७३/२०६९ का छात्रा मुना नेपालले मेरो प्रत्यक्ष निर्देशनमा **विद्यालय सुपरिवेक्षणमा स्रोत केन्द्रको भुमिका** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मिति : ०१ जनवरी २०१९

योन्देन सुनुवार
शोध निर्देशक

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)

स्था. : २०४७

☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :............................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्ष परीक्षा क्रमाङ्क २०४००७३/२०६९ का छात्रा मुना नेपालले **विद्यालय सुपरिवेक्षणमा स्रोत केन्द्रको भुमिका** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ।

शोध मूल्याङ्कन समिति

| **नाम/थर** | **पद** | **हस्ताक्षर** |
|---|---|---|
| १. सहायक प्रा. मोहनप्रसाद ओली | विभागीय प्रमुख | ........................ |
| २. सहायक प्रा. योन्देन सुनुवार | शोध निर्देशक | ........................ |
| ३. प्रा.डा. प्रदिपचन्द्र गौतम | बाह्य परीक्षक | ........................ |

मिति : १८ जनवरी २०१९

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय अर्न्तगत शिक्षा योजना तथा व्यवस्थापन मुल विषयमा स्नातकोत्तर (एम.एड.) तहको उपाधिको लागि **विद्यालय सुपरिवेक्षणमा स्रोत केन्द्रको भूमिका** शिर्षकमा शोध सम्पन्न गरी यो शोधपत्र प्रस्तुत गरेको छु ।

प्रस्तुत शोधको शिर्षक चयनदेखि शोधपत्रको अन्तिम प्रारुप तयार गर्दा सम्म अमुल्य सल्लाह र सुझाव तथा मार्ग निर्देशन गर्नु हुने शोध निर्देशक योन्देन सुनुवार प्रति आभार प्रकट गर्दछु ।

यस अध्ययनको लागि आवश्यक अभिमुखिकरण गर्नु हुने मोहन प्रसाद ओली सिवाकोटी, ठाकुर रसाइली, मोहन ओली, गोपीकृष्ण भट्टराई प्रति आभारि छु । यो अध्ययन पुरा गर्न आवश्यक सूचना उपलब्ध गराउन मद्दत गर्नु हुने तोपगाछी स्रोतकेन्द्र झापाका स्रोत व्यक्ति श्री केवश भट्टराई तथा समूह विद्यालयका प्रधानध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु स्थलगत भ्रमणका क्रममा गर्नु भएको सहयोगले यस सोध अध्ययनलाई मुर्त रुप दिन सकिएको कुरा विर्सनु हुदैंन ।

अन्त्यमा शोध अध्ययनका क्रममा प्रत्यक्ष र परोक्ष रुपमा सहयोग गर्नु हुने सहपाठी साथीहरुमा मदन मिश्र, मात्रिका प्रसाद नेपाल, केवश भट्टराई, तुलसी प्रसाद दहाल भाषा सम्पादनमा ठाकुरहरी पोखेल तथा प्राविधिक कार्यमा सहयोग गर्ने अबिचन्द्र नेपाल प्रति आभारी छु ।

मुना नेपाल

# शोध सार

*प्रस्तुत शोधपत्र **विद्यालय सुपरिवेक्षणमा स्रोत केन्द्रको भूमिका** शिर्षकमा तयार पारिएको हो । यस अध्ययनको मुख्य उद्देश्य स्रोतकेन्द्रले प्रदान गर्ने सुपरिवेक्षण सेवाको पहिचान गरी उक्त सेवाबाट विद्यालयलाई पुगेको फाइदा पहिल्याउनु रहेको छ ।*

*यो अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा तयार गरिएको छ । अध्ययनबाट प्राप्त तथ्य र तथ्याङ्क र सूचनाहरुलाई व्याख्यात्मक तथा विश्लेषणात्मक तरिकाले प्रस्तुत गरी निष्कर्ष निकालिएको छ । यो अध्ययनमा झापा जिल्लामा रहेको तोपगाछी स्रोतकेन्द्रलाई अध्ययनको क्षेत्र छनोट गरी उद्देश्यमुलक नमुना छनोट विधिको प्रयोग गरेर स्रोतव्यक्ति र प्रधानाध्यापक शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको छनोट गरिएको छ । नमूना छनोटमा परेका व्यक्तिहरुबाट आवश्यक सूचना लिन सूचना अन्तर्वार्ता, प्रश्नावली, अवलोकन, अनुसन्धान जस्ता स्रोतसाधनको प्रयोग गरी प्राथमिक तथ्याङ्क र संकलन गरिएको छ भने स्रोतकेन्द्र तथा विद्यालयका अभिलेखको पुनरावलोकन गरी सहायक तथ्याङ्कहरु संकलन गरिएको छ ।*

*अध्ययनको निष्कर्षअनुसार व्यवस्थापकिय कार्यमा स्रोतकेन्द्रले विद्यालयहरुलाई सहयोग गरेको र उक्त सहयोगबाट समूह विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा अभिभावकले अनुभवको आदान - प्रदान भई शिक्षकको पेशागत दक्षतामा अभिवृद्धि भई यस स्रोतकेन्द्रले कोगनको भनाइअनुसारको उपचारात्मक सुपरिवेक्षणको चक्रलाई पूर्ण रुपमा पालना नगरे पनि शिक्षक सुपरिवेक्षण सम्बन्ध स्थापना कक्षा अवलोकन, नमूना पाठ प्रर्दशन तथा शिक्षकका कमि कमजोरी सुधार गर्न छलफल गर्ने गरेको पाइयो । स्रोतकेन्द्र तथा स्रोतव्यक्तिको संचालन गर्ने काम कर्तव्य र अधिकार ऐन र नियमावलीमा स्पष्ट उल्लेखका कारण विद्यालय सुपरिवेक्षणका क्रममा कहिले काही दुविधा उत्पन्न हुने गरेको पाइयो । स्रोतकेन्द्रले साधन र स्रोतको अभावमा विद्यालयले माग गरे बमोजिम तालिम, नमूना पाठ प्रर्दशन, कक्षा अवलोकन जस्ता कार्यक्रमहरु संचालन गर्न नसकेको पाइयो । स्रोतकेन्द्रको फिल्ड कर्मचारी र कार्यालयको काम स्रोतव्यक्ति एक्लैले गर्नु पर्ने हुँदा फिल्डमा गएको बेला कार्यलय बन्द गर्नु पर्ने समस्या रहेको पाइयो । विद्यालयको भ्रमणमा गएको बेला स्रोतव्यक्ति समक्ष विद्यालयका प्रधानाध्यापक शिक्षक तथा अभिभावकले व्यवस्थापकिय पक्षमा बढि सहयोगको अपेक्षा गरेका कारण समग्र सुपरिवेक्षण शैक्षिक पक्षमा केन्द्रित हुन नसकेको पाइयो । स्रोतकेन्द्रले स्रोत र साधनको अभावमा विद्यालयहरुले माग गरे बमोजिम तालिम, नमूना पाठ प्रर्दशन कक्षा अवलोकन जस्ता कार्यक्रय संचालन गर्न नसकेको पाइयो । स्रोतकेन्द्रको फिल्ड कर्मचारी र कार्यलयको काम स्रोतव्यक्ति एक्लैले गर्नु पर्ने हुँदा फिल्डमा गएको बेला स्रोतव्यक्ति समक्ष विद्यालय प्रधानाध्यापक, शिक्षक तथा अभिभावकले व्यवस्थापकिय पक्षमा वढि सहयोगको अपेक्षा गरेका कारण समग्र सुपरिवेक्षण शैक्षिक पक्षमा केन्द्रित हुन सकेको देखिन्छ ।*

*समग्रमा स्रोतकेन्द्रबाट समूह विद्यालयहरुले सुपरिवेक्षण सेवा पाई रहेको अवस्था भएतापनि स्रोतकेन्द्र मार्फत विद्यालय सुपरिवेक्षणलाई अझ सशक्त बनाउनका लागि नीति निर्माण तहले स्रोतव्यक्तिका काम कर्तव्य र अधिकार शिक्षा ऐन नियमावलीमा नै स्पष्ट उल्लेख गर्नु पर्ने र स्रोतव्यक्तिको छनोट सेवा आयोगबाट गर्न आवश्यक निति बनाउनु पर्ने देखिन्छ । स्रोतकेन्द्र संचालन तथा व्यवस्थापन गर्न नियमित आर्थिक स्रोतको व्यवस्था गर्न केन्द्रिय तहबाट आवश्यक व्यवस्था गर्नु पर्ने देखिन्छ । स्रोतव्यक्तिले विद्यालयको स्थलगत भ्रमणमा जाँदा र कक्षा अवलोकन गर्दा शिक्षकसंग बसेर अवलोकन पूर्व योजना बनाउन, वास्तविक शिक्षण गर्न र उपचारात्मक सुपरिवेक्षणमा ध्यान दिनु पर्ने हुन्छ । अभ्यास तहमा प्रधानाध्यापक शिक्षक अभिभावक स्रोतव्यक्तिबाट आर्थिक तथा भौतिक सहयोगको अपेक्षा नगरी नितान्त शैक्षिक गतिविधि केन्द्रित सहयोगको अपेक्षा गरेर मद्दत गर्नु पर्ने देखिन्छ अनुसन्धान कर्ताले स्रोतकेन्द्रलाई स्थानिय स्तरको स्थाई सुपरिवेक्षण कार्यमा एकाइको रुपमा विकास तथा थप अनुसन्धान गर्नु पर्ने देखिन्छ ।*

## विषयसुची


| क्र.सं. | शीर्षक | पेज |
|---|---|---|
| | सिफारिस पत्र | क |
| | स्वीकृतिपत्र | ख |
| | कृतज्ञता ज्ञापन | ग |
| | शोधसार | घ |
| | विषय सूची | च |
| | तालिका सूची | |

**परिच्छेद एक : परिचय**

१.१ अध्ययनको पृष्ठभूमी १

१.२ समस्याको कथन ४

१.३ अध्ययनको औचित्य ५

१.४ अध्ययनको उद्देश्य ६

१.५ अनुसन्धानात्मक प्रश्न ६

१.६ अध्ययनको परिसिमा

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धन्तिक खाका**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ८

२.२ सैद्धान्तिक खाका ११

२.३ पुनरावलोकनको उपदेयता १३

**परिच्छेद तीन : अध्ययनविधि**

३.१ अनुसन्धानात्मक ढाँचा १५

३.२ अध्ययनको जनसंख्या १५

३.३ नमुना छनोट १६

३.४ तथ्याङ्कका स्रोतहरु १७

३.४.१ प्राथमिक स्रोत १७

३.४.२ द्वितीय स्रोत १८

३.५ तथ्याङ्क संकलनका साधन १८

३.५.१ अर्न्तवार्ता सुची १८

३.५.२. प्रश्नावली १९

३.५.३ सर्वोक्षण फारम १९

३.६. तथ्याङ्क संकलन प्रक्रिया १९

३.७ तथ्याङ्कको विश्लेषण प्रक्रिया २०

## परिच्छेद चार : नतिजाको छलफल

४.१ **स्रोतकेन्द्रले प्रदान गर्ने सुपरिवेक्षण सेवाहरु** २१

४.१.१ स्रोतकेन्द्रको व्यवस्थापकिय सेवा २२

(क) स्रोतकेन्द्र संगठनको अवस्था २३

(ख) स्रोतकेन्द्रको निर्देशन प्रक्रिया २३

(ग) स्रोतकेन्द्र नियन्त्रण प्रक्रिया २५

४.१.२ स्रोतकेन्द्रले प्रदान गरेको सुपरिवेक्षणीय सेवा २६

(क) विद्यालय भर्ना २६

(ख) कक्षा शिक्षणको अवलोकन २७

(ग) नमूना पाठ प्रर्दशन २८

(घ) शैक्षिक सामग्री निर्माण २८

(ङ) परीक्षा र मूल्याङ्कन २९

(च) तालिम संचालन २९

(छ) शैक्षिक तथ्याङ्क व्यवस्थापन ३०

४.२ **स्रोतकेन्द्रको सुपरिवेक्षणबाट शिक्षकलाई पुगेको सहयोग** ३१

४.२.१ योजना निर्माणमा पुगेको सहयोग ३१

४.२.२ नमूना पाठ प्रर्दशन ३२

४.२.३ शिक्षक तालिमले शिक्षकको पेशागत दक्षता विकास पुऱ्याएको सहयोग ३३

४.२.४ परीक्षा संचालन र मूल्याङ्कनमा पुगेको सहयोग ३४

४.२.५ सामुहिक भावनाको विकास र अनुभवको आदनप्रदान ३४

४.३ **स्रोतकेन्द्रले विद्यालय सुपरीवेक्षण व्यवस्थापनमा पारेको प्रभावको विश्लेषण** ३६

४.४ स्रोतकेन्द्रले विद्यालय सुपरीवेक्षण गर्दा आईपरेका समस्याहरु ३७

४.५ समधानका उपायहरु ३९

## परिच्छेद पाँच : निष्कर्ष र सुझाव

५.१ निष्कर्ष ४१

५.२ सुझाव ४३

५.२.१ नीतिगत तह ४३

५.२.२ अभ्यास तह ४४

५.२.३ अनुसन्धान तह ४५

सन्दर्भ सामग्रीहरुको सूची ४७

अनुसूचीहरु

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विद्यालय सुपरिवेक्षण भन्नाले शैक्षिक उद्देश्य प्राप्तीका लागि कक्षाकोठामा गरिने अध्ययन अध्यापनको क्रियाकलाप र शैक्षिक कार्यक्रममा प्रभावकारीता ल्याउन विद्यालयको शैक्षिक पाटोलाई मध्यनजर गरी आवश्यकता अनुसार तिनिहरुको सुधारको विकास गर्न दिइने निर्देशनमा सल्लाह , सुझाव, परामर्श तथा त्यस सम्बन्धि अन्य क्रियाकलापलाई जनाउँछ ( कोइराला, २०६५ : २६४ ) ।

विद्यालयमा सुपरीवेक्षण अन्तर्गत विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा प्रभावकारिता ल्याउने गरिने प्रशासनिक निरीक्षणको. शैक्षिक सुपरीवेक्षण दुवै कार्य पर्दछ । निरीक्षणद्धारा कुन कार्य कस्तो गर्ने कुनै कार्य ठिकसँग भए- नभएको निर्धारीत ऐन कानुन नियम भए नभएको जाँबुझ मात्र गर्ने गर्दछ । सुपरीवेक्षण अर्न्तगत गर्न आवश्यक सल्लाह सुझाव गर्दछ । सुपरीवेक्षण एउटा प्राविधिक कार्य हो । सामान्यतया निरीक्षणले प्रशासनिक र व्यवस्थापन पक्षसँग वढी सम्बन्धित हुन्छ भने सुपरिवेक्षण शिक्षण सिकाइसँग वढी सम्बन्धित हुन्छ ।

काफ्ले (२०६७) ले उल्लेख गरे अनुसार सुपरीवेक्षणको विकासकमलाई अन्तर्राष्ट्रिय तहमा ४ खण्डमा विभाजन गरिएको पाइन्छ । सन् १६४२ देखी १८७५ सम्मको अवधिसम्म प्रशासनिक निरीक्षण काल भनिन्छ । यो समयमा सुपरिवेक्षण कार्यलाई कक्षा सुपरिवेक्षण र अवलोकन भन्दा पनि प्रशासनिक पक्षको जाँच गर्नमा केन्द्रित गरिन्थ्यो । शैक्षिक सुपरीवेक्षणको विकास क्रममा सन् १८७६ देखि १९३६ सम्मको अवधिलाई दक्षता अभिमुखीकरण कालको रुपमा लिइन्छ । यस अवधिमाशिक्षकहरुलाई शिक्षण सिकाइमा दक्ष बनाउनकोलागि सुपरिवेक्षणलाई अधिकार दिइन्थ्यो । यस निरिक्षणकालको मुख्य धारणा भनेको शिक्षण सिकाइमा उत्तम विधिहरु प्रतिपादन गरिनु पर्दछ ।  ती विधिहरुमा प्रयोग गरि शिक्षण भयो भएन भनि निर्ष्कषको खोजी गर्नु रहेको थियो । यसैगरी शैक्षिक सुपरीवेक्षणको विकास क्रममा तेस्रो काल सन् १९३७ - १९५९ सम्मको अवधिलाई सामुहिक सहयोगात्मक सुपरिवेक्षण काल भनिन्छ । सुपरिवेक्षण कार्यमा शैक्षिक प्रशासक निरिक्षक शिक्षक सवै मिलेर शिक्षाको गुणात्मक विकासमा  सहभागिहुनु पर्छ भन्ने धारणाको विकास यसै कालमा आएर भएको मानिन्छ । साधारण तया सुपरिवेक्षण र विशेष विषयगत सुपरिवेक्षणको समेत व्यवस्था गरियो। सन् १९६० देखि हाल सम्मको अविधिलाई शैक्षिकसुपरिवेक्षणको विकास क्रममा अनुसन्धान अभिमुखीकरण भनिन्छ । फल स्वरुप शिक्षणसिकाई प्रक्रियामा प्रभावकारी शिक्षण गर्न पाठ्यक्रम, पाठ्यपुस्तक , शिक्षण विधि आदिमा नयाँ मान्यता र पद्धतिको खोजी  गर्नु पर्ने भयो । परम्परागत रुपले जाँच बुझ , हेर्नु , मुल्याङ्कन गर्नु स्तर निर्धारण गर्नु मात्र सुपरिवेक्षण भएन सुपरिवेक्षणमा समग्र शैक्षिक प्रक्रिया गतिविधिको जाँचबुझ गरी कमाजोरी तथा समस्या पत्तालगाई त्यस्मा सुधार गर्नको लागि आवश्यक अनुसन्धान गर्ने कार्यको थालनी यस कालबाट भयो ।

वि.सं. १९९६ मा शिक्षा सम्बन्धी पहिलो इस्तीहार घोषणा भए बाट विद्यालय स्थापना निरीक्षण पाठ्यक्रम शिक्षामा जनसहभागिता संचालक समिति आदि विषयहरु व्यवस्थित गर्न आधारहरु तयार भए यसै इस्तिहारबाट वि.सं. १९९८ मा विद्यालयको शैक्षिक अवस्था , शिक्षकको योग्यता र पठनपाठनको स्तर निर्धारण गर्न इनिस्पेक्टर अफ स्कुल को स्थापना

भयो । वि.सं. १९१० मा दरबार स्कुलको स्थापना भए पछि सो विद्यालयको प्रधानध्यापकको रुपमा मिस्टर कानिन र सुपरिवेक्षणको रुपमा मिस्टर रोसलाई जिम्मेवारी दिएर विद्यालय सुपरीवेक्षण गर्नु पर्दछ भन्ने धारणाको विकास नेपालमा भित्रिएको पाइन्छ ।

विश्वका विभिन्न मुलुकहरुमा शैक्षिक सुपरिवेक्षणका सम्बन्धमा विभिन्न अभ्यास भएको पाइन्छ । बंगलादेशमा सन् १९८८ देखि प्राथमिक , माध्यमिक, उच्चमाध्यमिक शिक्षाको शिक्षणसिकाइ तथा शैक्षिक व्यवस्थापन प्रभाकारी बनाउन तहगत रुपमा छुट्टा छुट्टै सुपरिवेक्षणको व्यवस्था गरिएको थियो । नेपालमा पनि सन् १९८० ताका प्राथमिक र माध्यमिक निरिक्षकको छुट्टा छुट्टै व्यवस्था गरिएको थियो । पछि सन् १९८९ ताका दुवै निरिक्षकलाई संयोजन गरियो । जन्जिवरमा सबै सुपरिवेक्षकहरु केन्द्रिय रुपमा शिक्षा मन्त्रालयमा कार्य गर्छन् । केन्द्रिय तहले प्राथमिक तथा माध्यमिक निरिक्षक र शिक्षक सल्लाहकारको कार्यलाई समेत संगठित गरेको हुन्छ । फ्रान्समा केन्द्रिय तह र समग्र प्रणालीमा मूल्याङ्कन तर्फ केन्द्रित हुने गर्दछ । स्थानिय सुपरिवेक्षकले कोरा निरिक्षकको कार्य गर्दछन् । जुन शिक्षकको कार्य भुमिका संग बढि केन्द्रितहुने गर्दछ । इन्लेण्ड र न्युजिलेण्डमा पूर्णरुपमा निरिक्षण Full - inspection गर्न विद्यालयको निरिक्षण योजना बनाइ प्रयोगमा ल्याएको छ ।जिम्वावेको Kwekwe जिल्लाको ६ वटा जिल्ला शिक्षा अधिकारी मार्फत सुचना संकलन गरि दुई तिहाई र ५ मा चार ओटा विद्यालयको भ्रमण गर्ने योजना बनाउँछ (काफ्ले, श्रेष्ठ र सिन्हा , २०५९) ।

वि.सं. २००७ को राजनैतिक परिवर्तन पछि विद्यालयहरुलाई प्रजातान्त्रिक रुपले चलाउन सुझाव प्रस्तुत गर्न गठित नेपाल राष्ट्रियशिक्षा आयोगको प्रतिवेदन २०११ ले निरिक्षण व्यवस्थापनलाई शिक्षा मन्त्रालय सम्म संगठानिक ढाँचामा प्रस्तुत गरियो । राष्ट्रियशिक्षा पद्धति योजना २०२८ - २०३२ ले सर्वप्रथम सुपरिवेक्षण पद्धतीलाई वैज्ञानिक रुप दिन निरिक्षणको सट्टा सुपरिवेक्षणको अवधारणा ल्यायो । देशका सबै जिल्लामा प्रशासन सेवा अन्तर्गतका जिल्ला शिक्षा अधिकारीको व्यवस्था गरि विद्यालय संख्याको आधारमा प्राथमिक विद्यालय निरिक्षक , निम्नमाध्यमिक विद्यालय निरिक्षक र माध्यमिक विद्यालय निरिक्षक व्यवस्था गरि कामकर्तव्य र अधिकार समेत तोकियो । क्षेत्रियस्तरमा शिक्षा निर्देशनालयमा रहने गरि निरिक्षकहरुलाई विषय विशेषज्ञको रुपमा राख्ने व्यवस्था गरियो (पौडेल, २०६२) ।

कोइराला २०५९ : ३८६ का अनुसारवि.सं. २०३७ - २०३८ मा पाठ्यक्रम पाठ्यपुस्तक तथा निरिक्षण विकास केन्द्रअर्न्तगत रहने एउटा निरिक्षण एकाइ परियोजना बनाइएको थियो । जसले विद्यालयको शैक्षिक कार्यक्रममा गणात्मक स्तर वृद्धि गर्न र निरिक्षण व्यवस्थामा सुधार गर्ने उद्देश्यले विद्यालयहरुलाई स्थानिय स्तर बाट आफु भन्दा तलका विद्यालयको निरिक्षण गर्ने अभिप्रेरित गराउने कार्यक्रमको थालनी भएको थियो । तर त्यो सफल हुन सकेन ।

नेपालमा स्रोतकेन्द्रको अवधारणा सन् १९८१ को सेतीपरियोजनाबाट आएको हो । सेती अञ्चलमा युनेस्को र युएनडिपीको सहयोगमा संचालित ग्रामिण विकासका निम्ती शिक्षा परियोजनाले स्रोतकेन्द्र र समूह विद्यालय मार्फत विद्यालय निरिक्षण र सुपरिवेक्षण गर्ने पद्धतिको थालनी गरियो । यस परियोजनाले पाएक पर्ने र समूहकृत गर्ने विद्यालयको गुच्छालाई एउटा समूहमा आवद्ध गरि विद्यालय समूह पद्धति अपनाइयो यसैलाई स्रोत केन्द्रको मुल ठाउँ भनियो । एउटा विद्यालयमा ६ देखि १० ओटा विद्यालय पर्थो । यस्ता विद्यालयलाई सेटलाइट स्कुल भनिन्थ्यो । स्रोतकेन्द्रको प्रअले स्रोतव्यक्तिको काम गर्थ्यो ।

सेती परियोजनाबाट प्राप्त सकारात्मक अनुभवलाई समेटेर प्राथमिक शिक्षा परियोजना २०४२ ले स्रोतकेन्द्रको अवधारणालाई निरन्तरता दियो त्यस पछिको आधारभुत तथा प्राथमिक शिक्षा परियोजना २०४९ ले पनि विद्यालय निरिक्षकको आधारभुत एकाइको रुपमा स्रोतकेन्द्रलाई नै निरन्तरता दियो । वि.सं. २०५६ देखि लागु भएका आधारभुत तथा प्राथमिक शिक्षा परियोजना दोश्रोले २० देखि २५ वटा विद्यालयको समूहलाई विद्यालयकै रुपमा लिदै सम्भव भए सम्म ती विद्यालयको विचमा पर्ने स्रोतसाधन सम्मन्न विद्यालयलाई स्रोतकेन्द्र कै रुपमा गर्ने व्यवस्था थियो । स्रोतकेन्द्रमा आधारित विद्यालय सुपरिवेक्षण प्रणाली नेपालका हाल देशभरिका १३३१ स्रोतकेन्द्रबाट संचालित छ(अधिकारी, २०६६ :१४७)।

पौडेल(२०६२ : ३३५) का अनुसार स्रोतकेन्द्र विद्यालयबाट शैक्षिक क्रियाकलाप प्रभावकारी बनाउन समूह विद्यालय विच प्रभावकारी संचार कायम गरि विद्यालय सुपरिवेक्षण गर्न स्रोतकेन्द्रको भुमिका महत्वपुर्ण रहेको छ । जस्ले आफ्ना निश्चित परिधि भित्र रहेका विद्यालयहरुलाई विभिन्न रुपले सेवा प्रधान गर्दछ । स्रोतकेन्द्र समूह विद्यालयका शिक्षकहरुलाई विभिन्न गोष्ठी, सेमिनार, छलफल, छोटो अवधीको तालिम दिई उनीहरुको क्षमता अभिवृद्धि गर्न समूह विद्यालयमा पठनपाठन कार्यलाई प्रभावकारी वनाउन विद्यालय व्यवस्थापन, मुल्याङ्क र निरिक्षण पद्धतिमा समसामहिक सुधार ल्याउन स्रोत परिचालन गर्न महत्वपूर्ण सहयोग गर्दछ ।

नेपालको सर्न्दभमा विद्यालयहरुको सुपरिवेक्षणमा स्रोतकेन्द्र मार्फत विद्यालय सुपरिवेक्षण कसरी भइरहेको छ स्रोतकेन्द्रले कुन कुन तरिकाबाट विद्यालयको सुपरिवेक्षण कसरी भइरहेको छ स्रोतकेन्द्रले कुन कुन तरिकाबाट विद्यालयको सुपरिवेक्षण गर्ने गरेका छन , स्रोतकेन्द्रको सेवाबाट समूह विद्यालयको लिइरहेको फाइदा तथा स्रोतकेन्द्र मार्फत विद्यालय सुपरिवेक्षणलाई अझ प्रभावकारी बनाउने स्रोतकेन्द्रको परिवर्तित भुमिकामा केन्द्रीत रहीयो अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

विद्यालयको शैक्षणिक गुणस्तरीय सिकाइलाई प्रभावकारी बनाइ विद्यालयको प्रशासन निरिक्षण र शैक्षिक सुपरिवेक्षण गर्न कार्यमा स्रोतकेन्द्रको महत्वपूर्ण भुमिका रहेको छ । यति हुदाँ हुदै पनि स्रोतकेन्द्रको बारेमा शिक्षा ऐन तथा नियमवली मौन रहनु स्रोतव्यक्तिको नियुक्ती काम कर्तव्य र अधिकार स्पष्ट नहुनु विद्यालय सुपरिवेक्षणमा स्रोतकेन्द्र र स्रोतव्यक्ति र विद्यालय निरिक्षक बिच स्पष्ट सम्बन्ध नहुनु । स्रोतकेन्द्रले शैक्षिक सुपरिवेक्षण भन्दा पनि प्रशासनिक निरिक्षरणमा जोड दिनु जस्ता कुराहरु विध्यमान रहेका छन् । सेती परियोजनाबाट आएको स्रोतकेन्द्र मार्फत विद्यालय सुपरिवेक्षणको अवधारणालाई हालसम्म निरन्तरता दिइएको भएता पनि अपेक्षा गरिए जस्तो परिवर्तन आउन सकेको छैन । स्रोतकेन्द्रको सुपरिवक्षेणबाट समूह विद्यालयको शिक्षण सिकाईमा के कस्तो फाइदा पुगेको छ विद्यालय स्रोतकेन्द्र मार्फत विद्यालय सुपरिवेक्षणलाई अझ प्रभावकारी बनाउन स्रोतकेन्द्रको परिवर्तित भुमिका के के हुन सक्छन् ? स्रोतकेन्द्रले समूह विद्यालयलाई के कस्ता सेवाहरु पुऱ्याउदै आएका छन ? स्रोतकेन्द्रले कुन कुन तरिकाबाट समूह विद्यालयको सुपरिवेक्षण गर्ने गरेका छन् ? यो भनाइलाई मनन गर्दै यस अध्ययनले स्रोतकन्द्र मार्फत विद्यालय सुपरिवेक्षणमा खोजी गर्न आवश्यक ठानी यी नै कुराहरुलाई अध्ययनको समस्याको कथन मानेर यो अनुसन्धान गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

सेती परियोजनाबाट प्राप्त एउटा अनुभव हो - स्रोतकेन्द्र मार्फत विद्यालय सुपरिवेक्षणलाई प्रभावकारी बनाउने प्रत्येक जिल्लामा स्रोतकेन्द्रको व्यवस्था गरिएको छ । स्रोतकेन्द्र मार्फत आफ्ना विद्यालयहरुलाई के कसरी सेवा पुऱ्याउने गरिएको छु । विद्यालयमा सुपरिवेक्षणमा सेवाबाट समूह विद्यालयका शिक्षकको शिक्षण सिकाइमा कस्तो प्रभाव परेको छ । विद्यालय सुपरिवेक्षणमा स्रोतकेन्द्रका परिवर्तित भुमिकाहरु के के हुन भनि खोज तथा अनुसन्धान गर्न यो अध्ययको औचित्य पूर्ण छ । स्रोतकेन्द्रले प्रशासनिक निरिक्षण गर्ने की शिक्षिक सुपरिवेक्षण गर्ने हो । प्रशासनिक निरिक्षण अन्तर्गत उपचारात्मक सुपरिवेक्षण गर्ने की शैक्षिक सुपरिवेक्षण गर्ने, - स्रोतकेन्द्र वर्तमान साधन स्रोत पर्याप्तमात्रामा छ भन्ने विषयमा अध्ययन गरी स्रोतकेन्द्रको परिवर्तित भुमिका समेत खोजी गर्ने हुँदा सरोकारवाला सबैलाई आवश्यक सूचना उपलब्ध गराउने यस अध्ययनमा निति निर्माता योजनाकार शिक्षा विद् शिक्षक विद्यार्थी स्थानिय निकाय विद्यालय व्यवस्थापन समिति सबै सरोकारवाला प्रति थप अनुसन्धान गर्न चाहने अनुसन्धान कर्तालाई समेत राखिने छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनमा उद्देश्यहरु निम्न अनुसार छन् :

(क) स्रोतकेन्द्रले प्रदान गर्ने विद्यालय सुपरिवेक्षण सेवाको पहिचान गर्नु ,

(ख) स्रोतकेन्द्र मार्फत सुपरिवेक्षणबाट शिक्षकलाई पुगेको सहयोग विश्लेषण गर्नु ,

(ग) स्रोतकेन्द्रले विद्यालय सुपरीवेक्षण व्यबस्थापनमा पारेको प्रभावको विश्लेषण गर्नु,

(घ) स्रोतकेन्द्रले विद्यालय सुपरिवेक्षण गर्दा आइपरेका समस्याहरु पत्तालगाई समाधान गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

यस अध्ययनका निम्नलिखित अनुसन्धानात्मक प्रश्नहरु रहेका छन् :

(क) स्रोतकेन्द्रले के कस्ता विद्यालय सुपरिवेक्षण सेवा प्रदान गर्दछ ?

(ख) सुपरिवेक्षणबाट शिक्षकलाई कस्तो सहयोग पुगेको छ ?

(ग) स्रोतकेन्द्रले विद्यालय सुपरीवेक्षण व्यबस्थापनमा कस्तो प्रभावपारेको छ ?

(घ) स्रोतकेन्द्रले विद्यालय सुपरीवेक्षण गर्दा आइपरेक समस्या के के हुन ?

(घ) विद्यालय सुपरिवेक्षणले शिक्षणसिकाइ क्रियाकलापमा कस्तो प्रभाव पारेको छ ?

(ङ) विद्यालय सुपरिवेक्षणको सिलसिलामा स्रोतव्यक्ति, प्रधानाध्यापक, वि.व्य.स., शिक्षकले केकस्ता समस्या सामना गर्नु परेको छ ?

## १.६ अध्ययनको परिसिमा

जुनसुकै अध्ययनको आफ्नै सिमा हुन्छ । यो निश्चित भौगोलिक र विषयगत सिमानामा बाधिँएको हुनेछ । समय श्रम र अर्थलाई ध्यानमा राखि अध्ययनलाई सिमित पार्न अनुसन्धान कर्ताको मुल विषय हो । यो अध्ययनमा झापा जिल्लाको तोपगाछी स्रोतकेन्द्र भित्र रहेका २१वटा सामुदायिक विद्यालयलाई केन्द्रित गरी अध्ययन गरिएको छ । विद्यालय सुपरिवेक्षण संग मुख्य सरोकारवालाहरु शिक्षा मन्त्रालय, शिक्षा विभाग , जिल्ला शिक्षा कार्यलय , विद्यालय निरिक्षक , स्रोतकेन्द्र , स्रोतव्यक्ति , प्रधानाध्यपक, शिक्षक आदि परेता पनि यस अध्ययनमा स्रोतव्यक्तिलाई मुख्य सरोकारवालाको रुपमा लिई प्रधानध्यापक अनि विद्यलाय व्यवस्थापन समितिहरुको भुमिकाहरुलाई सामान्य चर्चा गरिएको छ । शैक्षिक सत्र २०७३ को विद्यालय सुपरिवेक्षण गतिविधिलाई मात्र यस अध्ययनमा समेटिएको छ । यस अधययनको लागि तथ्याङ्क संकलनको साधनहरुको वैधता परिक्षण गरिएको छैन । यस निष्कर्षलाई व्यापक क्षेत्रमा सामान्यीकरण गर्न सकिदैन ।

# परिच्छेद दुई :

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

पूर्व साहित्यको अध्ययनकर्ताले आफ्नो अनुसन्धानको विषयवस्तुसँग सम्बन्धित साहित्यहरुको पुनरावलोकन गरि तिनीहरुलाई तथ्य पूर्ण र सिलसिलेबार पूर्व प्रस्तुत गर्नु पर्नेछ । पूर्व साहित्यको समिक्षाबाट अध्ययनकर्ताले अध्ययन अनुसन्धान गर्न बाँकी रहेका विषय वा क्षेत्रमा जानकारी लिने नयाँ विषय वस्तुको खोज्ने तथा सम्बन्धित विषयको ज्ञानको क्षेत्रलाई फराकिलो पार्न समेत सहयोग पुऱ्याउँदछ । हालसम्म  अध्ययन अनुसन्धानको वर्तमान अवस्थासम्म आईपुग्न के कस्ता कार्यहरुमा क कस्को योगदान रहेछ भने प्रष्ट पारिनेछ । यस अध्ययनमा विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय रुपमा प्रतिपादित साहित्यको पुनरावलोकन गरिनेछ । सोधकर्ताले विद्यालय सुपरिवेक्षकसँग सम्बन्धित अनुसन्धानात्मक प्रतिवेदन तथा शैक्षिक दस्तावेजको समिक्षात्मक अध्ययन गरि निचोडमा पुऱ्याउँने छ ।

खनाल  ( २००५ ) का अनुसार नेपालको विद्यालय सुपरिवेक्षण प्रणाली स्रोतकेन्द्रमा आधारित छ । स्रोतकेन्द्रले विद्यालयहरुलाई प्राविधिक र पेशागत सहयोग पुऱ्याउने समूह विद्यालयको योजना बनाउने, कार्यक्रम कार्यनयनमा मद्दत गर्ने शैक्षिक सुचनाकेन्द्रको कार्य गरेको पाए स्रोतकेन्द्रले गर्ने विद्यालय सुपरिवेक्षण प्रशासनिक पक्षमा केन्द्रित रहेको शैक्षिक पक्षमा कम मात्रामा सुपरिवेक्षण हुने गरेको उल्लेख छ ।

साह ( २०६३ ) का अनुसार स्रोतकेन्द्रले विद्यालयको निरिक्षण गर्ने की सुपरिवेक्षण गर्ने भन्ने कुरामा स्रोतकेन्द्र आफै स्पष्ट नभएर व्यवहार स्रोतकेन्द्रमा संचालन गर्ने स्रोतव्यक्तिले देखाउने कुरा उल्लेख छ । साहको अध्ययनको निर्ष्कष विश्लेषण गर्दा स्रोतकेन्द्रले विद्यालयको कुन पक्षको सुपरिवेक्षणलाई प्राथमिकता दिने भन्ने अन्योल रहेको देखिन्छ ।

जोशी ( २०६६ ) ले विद्यालय सुपरिवेक्षण गर्ने प्रमुख व्यक्ति स्रोतव्यक्तिलाई पाएका छन् । स्रोतकेन्द्रले प्रभावकारी शिक्षण गराउन शिक्षक , प्रअ , अभिभावकको मनसाय बुझेर विनयित तथा अनुशासित तरिकाले उत्प्रेरणा गर्ने , हौसला प्रदान गर्ने , मनोरञ्जनात्मक तरिकाले शिक्षण गर्न लगाउनु गरेको उल्लेख छ । त्यस्तै विद्यालय सुपरिवेक्षणको जिम्मेवारी वहन गरि गुणात्मक शिक्षामा योगदान दिइएको निष्कर्ष निकालेका छन् ।

पाण्डे ( २०६६ ) ले नेपालको शैक्षिक सुपरिवेक्षण प्रणालीलाई देखिएका चुनौती विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था सन्तोष जनक नरहेको , जति सुपरिवेक्षण भएको छ त्यो पनि प्रशासनिक पक्षमा मात्र केन्द्रित रहेको उल्लेख गरेका छन् । उनले विद्यालय सुपरिवेक्षणको प्रमूख चुनौती शिक्षिक सुपरिवेक्षण वा प्रशासनिक निरिक्षण के हो भन्ने कुरामा अन्यौल रहेको , विद्यालयको अनुपातमा विद्यालय निरिक्षण र स्रोतव्यक्ति कम भएकाले उपचारात्मक सुपरिवेक्षण विधि अपनाउन नसकिएको निर्ष्कष निकाल्दै शैक्षिक सुपरिवेक्षणमा जोड दिनु पर्ने सुझाव प्रस्तुत गरिएको छ ।

भट्ट ( २०६७ ) का अनुसार स्रोतकेन्द्रले विद्यालय र जिल्ला शिक्षा कार्यलयको विचमा पुलको काम गरेको हुन्छ । स्रोतकेन्द्रले विद्यालयका गतिविधिलाई जिल्ला शिक्षा कार्यलय सँग समन्वय गरि विद्यालयले माग गरे अनुसारका सुपरिवेक्षण सेवाहरु गराएको पाइएको छ ।

भट्टराई ( २०६७ ) का अनुसार शिक्षक र सुपरिवेक्षक बिचको राम्रो अर्न्तर सम्बन्धलाई शिक्षकको मनबलमा अभिवृद्धि , पेशागत नेतृत्वको विकास तथा पेशागत क्षमतामा अभिवृद्धि हुने गरेको उल्लेख गरेका छन । उनले शिक्षक र सुपरिवेक्षण विच देखिएका मुख्य समस्याहरुमा विषयगत सुपरिवेक्षणको अभाव निरन्तरता अनुगमन सुपरिवेक्षण तथा पृष्ठपोषणको अभाव , शिक्षक र विद्यार्थी बिचको सम्बन्ध जिवन्तहुन नसक्नु शिक्षिक वातावरणको अभाव आदि जस्ता कुराहरु उल्लेख गरिएको छ ।

सिवाकोटी (२०६९) का अनुसार विद्यालय सुपरिवेक्षमा स्रोतकेन्द्रमा देखिएको अन्योलको स्थिति सामना गर्नु परेको देखिन्छ । विद्यालय सुपरिवेक्षणहरुले कम मात्रमा विद्यालयको सुपरिवेक्षण गरेका कारणले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा खासै वृद्धि हुन नसकेको पाइन्छ । विद्यालयको सुपरिवेक्षणको हालको निरन्तरतालाई वृद्धि गर्न र प्रजातान्त्रिक सुपरिवेक्षणको शैलीमा जोड दिनु आवश्यक छ । विद्यालय सुपरिवेक्षणको क्रममा पुरस्कार र दण्डको व्यवस्था गरि कार्य सम्पादनको आधारमा पदोन्नती गरिनु पर्ने देखिन्छ स्रोतव्यक्ति नियुत्ती शिक्षा सेवा आयोग द्धारा हुनु पर्ने कुरामा जोड दिनु पर्ने देखिन्छ ।

कन्दङ्वा (२०७१) ले गरेको अध्ययनमा विद्यालय सुपरिवेक्षण प्रक्रियाको अवस्था ज्यादै न्युन रहेको देखिन्छ । विद्यालय सुपरिवेक्षण गर्ने सर्न्दभमा विद्यालय निरिक्षक र स्रोतव्यक्ति विच अन्योलता रहेको देखिन्छ । स्रोतकेन्द्रबाट सुपरिवेक्षण प्रक्रिया लोकतान्त्रिक नभएको पाइयो भन्ने निष्कर्षहरु निकालिएको छ । उनले गुणस्तर शिक्षा र शैक्षिक उपलब्धी हासिल गर्न सक्षम सुपरिवेक्षण निरन्तर सुपरिवेक्षण नियमित अनुगमन हुनुपर्ने सुपरिवेक्षण सम्बन्धि ज्ञान भएका विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु छनोट गर्न् पर्ने रहेको पाइन्छ ।

उपर्युक्त शोधपत्रहरुको पुनरावलोकन गर्दा स्रोतकेन्द्रको विद्यालय सुपरिवेक्षणमा महत्वपूर्ण भुमिका रहेको देखियो । स्रोतकेन्द्रले शिक्षकहरुलाई उत्प्रेरणा प्रदान गर्न , सिकाइ समस्या हल गर्ने , जिल्ला शिक्षा कार्यलय र विद्यालय बिच संचार पुलको काम गर्न तथा शैक्षिक सुचना व्यवस्थापन गर्न जस्ता कार्यमा सहयोग गरेको देखियो । त्यस्तै नेपालको विद्यालय सुपरिवेक्षण स्रोतकेन्द्रमा आधारित रहेको भएता पनि विद्यालय सुपरिवेक्षण प्रशासनिक पक्षमा केन्द्रीत रहेको देखियो । यी सबैका अध्ययनको निचोडबाट यस अध्ययनले स्रोतकेन्द्र मार्फत विद्यालय सुपरिवेक्षण कसरी भई रहेको छ - कुन पक्षलाई प्राथमिकता दिइएको छ भन्ने खोजी गर्न कम्तिमा महिनाको एक पटक अनिवार्य रुपमा विद्यालयमा गई शैक्षिक वातावरण सुधार गर्न पर्ने सुझावहरु दिइएका छन । अध्ययनको प्रतिवेदनको प्राप्तीको विश्लेषण गर्दा नेपालको विद्यालय सुपरिवेक्षण प्रणाली स्रोतकेन्द्रमा आधारित रहेता पनि स्रोतकेन्द्र द्वारा विद्यालयको स्थलगत सुपरिवेक्षण भ्रमण अत्यन्तै कम हुने गरेको र भएका भ्रमण पनि प्रशासनिक निरिक्षण मै सिमित भएको देखिन्छ । न्युन अनुगमन सुपरिवेक्षण विषय विशेषज्ञ नहुनु दण्ड र पुरस्कारको अभाव , सुपरिवेक्षण प्रतिवेदनको मुल्याङ्कन र कार्यान्वयन हुन नसक्नु सुपरिवेक्षकमा विषयगत दक्षताको कमि रहनु जस्ता समस्या रहेको पाईयो ।

I.I.E.P( २००७ ) को रिपोर्ट द्धारा नेपालको सर्न्धवमा आवश्यक कर्मचारीको अभाव आर्थिक अभावका कारण स्रोतव्यक्तिलाई विद्यालय सम्म पढाउन र तालिम संचालन नियमित गर्न नसकिएको कुरा उल्लेख गरिने छ । युनेस्कोको ट्रेनिङ मोडुल ३ का अनुसार विद्यालय र शिक्षकहरुमा स्रोतकेन्द्रको न्युन प्रभाव पर्नुका ४ वटा कारणहरु उल्लेख गरेको छ । पहिलो चरणमा अल्प संख्यक शिक्षकहरुले मात्र स्रोतकेन्द्रहरुमा सर्म्पक गरेको पाइयो । विद्यालय र स्रोतकेन्द्रको दुरी टाढा

हुनु स्रोतकेन्द्रहरु विद्यालय समयमा मात्र खुल्नु शिक्षकहरुलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरु उपलब्ध नहुनु र शिक्षकहरु स्रोतकेन्द्र सम्म राम्ररी परिचित नहुनु दोश्रो शिक्षकहरु जब विशेष तालिम कोर्षको आयोजना गरिन्छ तब मात्र सर्म्पकमा आउदछन । त्यस्मा पनि नयाँ विधिलाई कक्षा कोठामा उपयोग गर्ने अप्ठारो मान्दछन् । तेस्रो स्रोतकेन्द्रमा प्राप्त कर्मचारी अभावका कारण निरन्तर विद्यालयमा सर्म्पक गर्न नसक्नाले शिक्षण सिकाईलाई प्रभाव पार्न कठिनाई पर्दछ । चौथो विद्यालयको अवस्था र शिक्षकहरुका विशेषता परिवर्तन हुनु नसक्दा विद्यालयले नयाँ विचार र स्रोतहरुलाई अवलम्वन गर्न सकिदैन यस अध्ययन अनुसन्धानबाट विद्यालय तहमा कक्षा कोठामा नै गएर शिक्षक सँग प्रत्यक्ष रुपमा शिक्षण सिकाई सँग सम्बन्धित रहेर कुनै पनि समस्याको गहिरेर अध्ययन गरि सोही समयमा समस्याहरु निराकरण गर्ने उपाय दिने शैलीको रुपमा उपचारात्मक सुपरिवेक्षण पद्धती अपनाएको देखिन्छ ।

यस प्रकार उपर्युक्त सम्बन्धित साहित्यहरुको पुनारावलोकनको आधारमा स्रोतकेन्द्रले दिनु पर्ने सुपरिवेक्षण सेवा तथा स्रोतकेन्द्रबाट हुने सुपरिवेक्षण सेवाबाट विद्यालयको प्रशासकिन र शैक्षणिक पक्षमा प्रभाव सम्बन्धमा अझै गहन रुपमा खोजी गर्न यो अध्ययन गरिएको हो । साथै समूह विद्यालयहरुबाट स्रोतकेन्द्रलाई सुपरिवेक्षण कार्यमा पुगेको सहयोग र समस्याहरु सम्बन्धमा विश्लेषण गर्न समेत यो अध्ययन सम्पन्न गरिएको छ ।

## २.२ सैद्धान्तिक खाका

यसअध्ययनबाट प्राप्त तथ्य र तथ्याङ्कलाई विश्लेषण गर्न हेनरी फोयलको व्यवस्थापनका तत्वहरु सम्बन्धि अवधारणाको उपचारात्मक सुपरिवेक्षण सम्बन्धि अवधारणालाई एकाकार गरिएको छ । हेनरी फेयलले सन् १९१६ मा व्यवस्थापनका पाँच तत्वहरु प्रतिपादन गरे जस्लाई P.O.C.C.C. भनिन्छ । उनका अनुसार प्रशासकका व्यवस्थापकीय कार्य अर्न्तगत योजना , संगठन , निर्देशन समन्वय र नियन्त्रण पर्दछन । हेनरी फेयलका अनुसार प्रशासनले आफ्नो संगठनको उद्देश्य पुरा गर्न आवधिक योजना बनाउने, उक्त योजना कार्यवयन गराउने र संगठन गर्ने आफ्ना क्षेत्रभित्रका व्यक्ति तथा निकायलाई आवश्यक निर्देशन दिने सल्लाह सुझाव दिने आफ्ना क्षेत्र भित्रका निकाय बिच संचार सम्बन्ध स्थापना गर्ने सरोकार वाला हरुसँग समन्वय गर्ने र आवश्यकता अनुसार कार्यसम्पादन मुल्याङ्कन गरि नियन्त्रण गर्ने कार्य गर्दछन । काफ्ले (२०५९) का अनुसार अमेरिकाको Harard University को Master of Art in Teaching Program अर्न्तगत Cogan र उनका साथीहरुले उपचारात्मक सुपरिवेक्षणको सुरुवात गरेका हुन् । उपचारात्मक सुपरिवेक्षणमा विशेष गरि कक्षा कोठा र शिक्षणको अवलोकन कक्षा भित्र घट्ने घटनाको विश्लेषण तथा शिक्षक र विद्यार्थीका कक्षा कोठा भित्रका व्यवहारमा शिक्षकले कक्षा कोठामा के के गर्दछन ? यसमा शिक्षण सिकाइको क्रममा विद्यार्थी र शिक्षकले कक्षा कोठामा के के गर्दछन कक्षामा हुन सक्ने सम्भावित घटना के के हुन् ? विद्यार्थी र शिक्षक बिचको सम्बन्ध कस्तो छ ? आदि कुराको अध्ययन गरिएको छ ।

उपचारात्मक सुपरिवेक्षणमा ८ चरण उल्लेख गरिएको छ । पहिलो चरण शिक्षक कक्षामा जानु पुर्वको अवस्था हो जस्मा शिक्षक र सुपरिवेक्षण दुवैमा भयरहित सम्बन्ध स्थापना गरिन्छ ।

दोश्रो चरणमा शिक्षक र सुपरिवेक्षण सँगै बसेर आयोजना गरि पाठयोजना एकाइ योजना वार्षिक कार्ययोजना कार्यतालिका निमार्ण गर्नु पर्दछ । योजना निमार्णको समयमा उद्देश्य निमार्ण अपक्षित उपलब्धीहरु शिक्षण सिकाईका

सम्भावित समस्याहरु शिक्षण सामग्री तथा रणनितिहरु सिकाई प्रक्रियामा पृष्ठपोषण मुल्याङ्कन तथा शैक्षिक वातावरण आदि लाई ध्यान मा राखि व्यवस्थित योजना तयार गरिन्छ ।

तेस्रो चरणमा शिक्षकको कक्षा शिक्षणको अवलोकन के कसरी गर्ने कस्ता कक्षालाई जोड दिने जस्ता कुराको निर्धारण गरिन्छ । यस्का लागि अवलोकन फारमको निमार्ण अवलोकन विषय, कक्षा समय स्थान आदि विषयमा शिक्षक सुपरिवेक्षण बिच सहमतिको आधारमा अवलोकन राणनिति तयार गरिन्छ ।

चौथो चरणमा सुपरिवेक्षकले पुर्व योजना अनुसार शिक्षकको वास्ताविक कक्षा शिक्षणको अवलोकन गर्दछन । शिक्षण सिकाई क्रममा कक्षा कोठामा भएका घटनाहरु सुपरिवेक्षण आफै वा अवलोकन कर्ता द्धारा टीपोट गरि अभिलेख राखिन्छ । उपचारात्मक सुपरिवेक्षणको छैटौं चरणको सम्मेलनको योजना निर्माण गर्नु पर्दछ । सम्मेलन भन्नाले शिक्षक र सुपरिवेक्षण बिच हुने छलफल र अन्तरक्रियालाई बुझिन्छ ।

सुपरिवेक्षणको पाँचौ चरणमा गरिएको विश्लेषणबाट शिक्षण सिकाई देखिएका समस्या समाधान गर्न मत भिन्नता हटाउन र असल सम्बन्ध निर्माण गर्न सम्मेलनको आयोजना बनाइन्छ ।

सातौ चरणमा शिक्षक र सुपरिवेक्षणको सहमतिले बनाइएको योजना अनुरुप सम्मेलनको आयोजना गरिन्छ । शिक्षकको कमि कमजोरी पत्ता लगाई सुधारका निम्ती शिक्षकलाई उस्को शिक्षणको स्वयम विश्लेषण गर्न लगाइ सुधारका लागि रणनिति तयार पार्न लगाइन्छ । आवश्यक परेमा सुपरिवेक्षकले नमुना पाठ समेत प्रर्दशन गर्नु पर्दछ ।

उपचारात्मक सुपरिवेक्षणमा अन्तिम चरण शिक्षक र सुपरिवेक्षण दुवै मिलेर शिक्षकको शिक्षणमा के कस्तो परिवर्तन ल्याउने हो त्यसबारे सहमति खोज्दछन । विभिन्न चरणमा प्राप्त पृष्ठपोषणका आधारमा केही चरण छुट्न र केही दोहोरिन सक्छन्(काफ्ले , २०५९, कोइराला , २०६४ तथा अधिकारी,२०६७ बाट उद्धृत ) । यसप्रकार यस अध्ययनको लागि प्रशासनिक निरिक्षणको P.O.C.C.C. लाई आधार लिइएको छ र शैक्षणिक सुपरिवेक्षणको लागि उपचारात्मक सुपरिवेक्षणको ८ चरणलाई समेत आधार लिइएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

यस अध्ययनबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्न प्रयोग गरिएका सिद्धान्तले विद्यालय सुपरिवेक्षणका दुई छुट्टा छुट्टै पाटा प्रशासनिक तथा शैक्षिक सुपरिवेक्षणलाई व्याख्या गर्न सहयोग गरिएको छ । स्रोतकेन्द्रले व्यवस्थापकिय कार्यहरुलाई कसरी सम्पादन गरेको छ भन्ने देखाउन हेनरी फेयलका व्यवस्थापकिय कार्यलाई व्यवस्थापककै अवधारणाबाट योजना संगठन निर्देशन समन्वय र नियन्त्रणले यस अध्ययनबाट प्राप्त तथ्याङ्कको व्याख्या गर्न आधार प्रदान गर्दछ । कोगनको उपचारात्मक सुपरिवेक्षण सम्बन्धी अवधारणाले स्रोतकेन्द्रले शैक्षिक सुपरिवेक्षण गर्न कस्तो तरिका अपनाएको छ भन्ने विश्लेषण गर्ने सहयोग प्रदान गरेको छ । अध्ययनको सर्न्दभमा उपचारात्मक सुपरिवेक्षण सम्बन्धित कोगन सैद्धान्तिक खाकाले अध्ययनबाट प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषण गर्न सहयोग पुगेको छ । कोगन सन्(१९५०) को उपचारात्मक सुपरिवेक्षणको चक्रलाई पूर्ण रुपमा पालना गर्न नसकेपनि शिक्षक निरिक्षक बिचको सम्बन्ध स्थापना कक्षा शिक्षणको अवलोकन तथा शिक्षण निरिक्षक बिचको अर्न्तरक्रिया हुने गरेको पाइयो । कक्षा अवलोकन पूर्व शिक्षक सुपरिवेक्षण बसेर

अवलोकन योजना बनाउने त्यति ध्यान दिइएको पाइएन । सम्बन्धित साहित्यको पुनारावलोकनबाट भेटिएका विद्यालय सुपरिवेक्षण सम्बन्धी जानकारीले यस अध्ययनले प्राप्त गरेको विद्यालय सुपरिवेक्षणका तथ्याङ्कको व्याख्या विश्लेषण निश्कर्षमा पुग्न सहयोग पुगेको छ । यसरी हेर्दा अध्ययनको सैद्धान्तिक खाका र साहित्यको पुनरावलोकनका आधारमा तथ्याङ्कको विश्लेषण गरी निर्ष्कषमा पुग्न सहयोग पुगेको छ। सैद्धान्तिक खाका र साहित्यको पुनाराअवलोकनको आधारमा तथ्याङ्कको विश्लेषण गरी निर्ष्कष निकाल्न सहयोग गरेकोछ।

# परिच्छेद तीन : अध्ययन विधि

यस परिच्छेदमा प्रस्तावना अध्ययन कुन अनुसन्धानात्मक ढाँचामा आधारित छ अध्ययनको जनसंख्यामा को को पर्दछन । कुन विधिको प्रयोग गरि नमुना जनसंख्या छनोट गरिने छ भन्ने तथ्य उल्लेख गरिनेछ । यो परिच्छेदले यस प्रस्तावनामा अध्ययन कसरी सम्पन्न गरिने छ भन्ने प्रश्नको सम्बोधन गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धानको लागि निश्चित योजना तथा रणनितिको आवश्यक पर्दछ । अनुसन्धान विषय प्रवेश देखि प्रतिवेदनको अन्तिम निष्कर्ष सम्म तयार गरिने वृहत योजना नै अनुसन्धानको ढाँचा हो । अनुसन्धान प्रक्रिया के कसरी कुन तरिकाले गर्ने सो को विस्तृत प्रक्रिया तथा योजनामा अनुसन्धान ढाँचा हो ( कर्लिङ्गर, सन् १९९३) ।

कुन अवस्था, घटना, प्रक्रिया तथा समस्यामको अध्ययन गर्ने उद्देश्यले शाब्दिक रुपमा संकलन गरिएका असांख्यिक तथ्याङ्कहरुलाई विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ ( खनाल, २०६७ : १०) । यस अध्ययनको लागि गुणात्मक अनुसन्धान ढाँचा अपनाइएको छ । यस अध्ययन स्रोतकेन्द्र मार्फत हुने विद्यालय सुपरिवेक्षणको पहिचान गरि त्यस सुपरिवेक्षण सेवाले समूह विद्यालयका शिक्षकहरुलाई पुगेको सहयोगको विश्लेषण गर्दै निष्कर्षमा पुगेको छ । अध्ययनको उद्देश्य प्राप्तिको लागि सरोकारवालाहरु सँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावली, अर्न्तरवार्ता, अवलोकन जस्ता विधि तथा साधनको प्रयोगबाट प्राप्त असांख्यिक तथ्याङ्कहरुलाई सावधिक रुपमा व्याख्या र विश्लेषण गरिएको छ । यस अनुसन्धानमा गुणात्मक अनुसन्धानको ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या

अनुसन्धानकर्ताको रुची अनुसारका एक किसिमका विशेषताहरुको गुण मिल्ले व्यक्तिहरु समूह नै जनसंख्या हो ( खनाल, २०६७ : ६५) । यो स्रोधपत्रमा अध्ययन कार्यलाई पुरा गर्न झापा जिल्लामा रहेका १५ ओटा स्रोतकेन्द्र मध्ये श्री तोपगाछी गा.वि.स. र यस अर्न्तगतका २१ओटा सामुदायिक विद्यालयहरुमा सिमित गरिएको हुँदा उक्त स्रोतकेन्द्रका स्रोतव्यक्ति तथा समूह विद्यालयका प्रअ , शिक्षक, अभिभावक तथा विद्यालय व्यवस्थापन समिति पधाधिकारी यस अध्ययनको जनसंख्यामा रहेका छन् ।

## ३.३ नमुना छनोट

सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गर्ने गरि जनसंख्याबाट झिकिएको प्रतिनिधि मुलक अंश नै नमुना हो । अनुसन्धानकर्ताले अध्ययन क्षेत्रमा रहेको सम्पूर्ण जनसंख्याको अध्ययन गर्न असम्भव भएको अवस्थामा अध्ययनलाई पुरा गर्न निश्चित नियमको आधारमा प्रतिनिधि जनसंख्याको नमुना लिनु आवश्यक हुन्छ (वेष्ट र कान , २००८) । यस अध्ययनमा झापा जिल्लामा रहेका १५ वटा स्रोतकेन्द्र मध्येबाट एउटा तोपगाछी गा.वि.स. स्रोतकेन्द्र र त्यस केन्द्रका स्रोतव्यक्तिलाई सम्भावना रहित नमुना छनोट विधि अर्न्तगतका उद्देश्यमुलक नमुना छनोट विधि प्रयोग गरि छनोट गरिएको छ । अनुसन्धानकर्ताले आफ्नो विवेक प्रयोग गरि नमुना छनोट गर्ने विधि उद्देश्यमुलक नमुना छनोट विधि हो । गुणात्मक अनुसन्धानमा उद्देश्यमुलक नमुना छनोट विधिको प्रयोग गरिएको छ ।

नमुना छनोटको विधिको प्रयोग गरि छनोटमा परेका स्रोतकेन्द्र अन्तर्गत रहेका २१ ओटा सामुदायिक विद्यालय मध्येबाट ५ वटा प्राथमिक विद्यालय ५ वटा निम्न माध्यमिक विद्यालय र ५वटा माध्यमिक विद्यालय गरि कुल १५ वटा विद्यालय छनोट गरिएको छ । जनसंख्याको प्रत्येक एकाई जुन अनुपातमा छ त्यहि अनुपातमा नै छनोट गरिएको छ । अध्ययनमा छनोट गरिएका विद्यालयका प्राचार्य गुरुहरुको नमुना जनसंख्या छनोटमा राखिएको छ । शिक्षकको नमुना छनोटका लागि सम्भावनामा आधारित सामान्य सम्भावना भित्र नमुना छनोट विधिको प्रयोग गरि छनोटमा परेका विद्यालयबाट दुई दुई जनाका दरले ३० जना शिक्षक छनोट गरिएको छ । जुन तहको विद्यालय हो सोही तहका शिक्षकको नमुना छनोट गरिन्छ । विद्यालय व्यवस्थापन समितिका पधाधिकारीको छनोट सुविधाजनक नमुना छनोट विधिको प्रयोग गरि नमुनामा परेका विद्यालयबाट एक एक जना पर्ने गरि ११ जना विद्यालय व्यवस्थापन समिति पधाधिकारीहरुको छनोट गरिएको छ । अनुसन्धानकर्ताले जुन नमुना छनोट गरि अनुसन्धान गर्न सजिलो ठान्छ र तीनै नमुना छनोट गर्दछ भने त्यस्तो विधिलाई सुविधाजनक नमुना छनोट विधि भनिन्छ । यस्तो छनोटमा अनुसन्धानकर्ताका जानकारीमा रहेका निश्चित एकाईहरु मात्र छानिन सक्छन् ( खनाल, २०६७ : ३८) ।नमूना छनौटलाई सारांशमा निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १उद्देश्यमूलक नमूना छनौट विधि**

आधारभूत विद्यालय १० ओटा र माध्यमिक ५ ओटा

| | | |
|---|---|---|
| शिक्षक | आधारभूत १० × १ = | १० जना |
| | माध्यमिक ५ × १ = | ५ जना |
| प्र. अ. | १५ × १ = | १५ जना |
| वि.व्य.स. | १५ × १ = | १५ जना |
| स्रोत व्यक्ति | | १ जना |

स्रोत : स्थलगत सर्भेक्षण , २०७३

### ३.४ तथ्याङ्कका स्रोतहरु

तथ्याङ्क जहाँबाट प्राप्त गर्न सकिन्छ त्यस क्षेत्रलाई तथ्याङ्कको स्रोत भनिन्छ । अनुसन्धानको प्रकृति अनुसार तथ्याङ्क प्राप्तहुने स्रोत फरक फरक हुने गर्दछ ( खनाल , २०६७ : १४७ ) । यस अध्ययनमा तपशिल बमोजिमका स्रोतबाट तथ्याङ्क प्राप्त गरिएको छ ।

#### ३.४.१प्राथमिक स्रोत

आफै अनुसन्धानकर्ताबाट पहिलो पटक र प्रयोग गरिएका तथ्याङ्कहरु प्राथमिक स्रोत अर्न्तगत पर्दछन् । प्रथम पटक अनुसन्धानकर्ताले गर्ने भएकोले तिनीहरुको व्याख्या विश्लेषण र टिप्पणी गर्न अधिकार पनि अनुसन्धानकर्ता कै रहने छ । यस अध्ययनमा नमुना छनोटमा परेका स्रोतव्यक्ति , विद्यालयका प्रधानाध्यपक शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी सँग गरिएको अर्न्तवाता, प्रश्नावली तथा  सुचना अर्न्तवार्ता प्राथमिक तथ्याङ्क प्राप्त गरिएको छ।

#### ३.४.२ द्वितीय स्रोत

नमुना छनोटमा परेको स्रोतकेन्द्रहरु र विद्यालयबाट आवश्यक सुचना तथा जानकारी संकलन गर्न सम्बन्धित कार्यलयका विद्यालय सुपरिवेक्षण सम्बन्धी रेकर्ड फायलहरु अभिलेख , योजना पुस्तिका आदिको पुनारावलोकन गरिएको छ । यी अभिलेखको पुनअवलोकनबाट विद्यालयले स्रोतकेन्द्रबाट प्राप्त गर्ने सुपरिवेक्षण सेवा र त्यसबाट विद्यालयले प्राप्त गरेको फाइदाको सहज पहिचान गर्न सकिन्छ । त्यस्तै द्यिलालय सुपरिवेक्षण गर्न बनेका ऐन, नियम , विधि तथा विभिन्न परियोजनाका रिपोर्ट , लेख रचना , अध्ययन प्रतिवेदन आदिको समेत अध्ययन गरि सुचना संकलन गरिएको छ ।

### ३.५ तथ्याङ्क संकलनका साधन

यस अध्ययनमा पूर्वनिर्धारित उद्देश्य पुरा गर्न अर्न्तवार्ता अनुसुची प्रश्नावली तथा  सुचना अर्न्तवार्ता जस्ता अनुसन्धानका साधनहरु प्रयोग गरि तथ्याङ्क संकलन गरिएको छ । यस अध्ययनमा नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यपक र शिक्षकबाट आवश्यक जानकारी तथा तथ्याङ्क संकलन गर्न शिक्षक र प्रअका लागि छुट्टाछुट्टै अर्न्तवार्ता अनुसुची तयार पारिएको छ । स्रोतव्यक्तिबाट आवश्यक जानकारी तथा तथ्याङ्क संकलन गर्न मुख्य सुचना अर्न्तवार्ता तयार गरिएको छ भने विद्यालय व्यवस्थापन समितिको पदाधिकारीबाट आवश्यक जानकारी तथा तथ्याङ्क संकलन गर्न प्रश्नावलीको प्रयोग गरिन्छ ।

#### ३.५१ अन्तर्वार्ता सूची

अर्न्तवार्ताका लागि तयार गरिएको लिखित प्रश्नहरुको सुचीलाई अर्न्तवार्ता अनुसुची भनिन्छ  जसलाई अर्न्तवार्ताका स्वमले उत्तरदाताको मुखामुख भएर सुध्ने र प्राप्त उत्तर टिप्ने गर्दछन् । अर्न्तवार्ता कारले आफै उत्तर टिप्ने हुदाँ यो विधि बढि विश्वसनिय हुने र त्यसबाट सही सुचना प्राप्त हुने विश्वास गरिन्छ । यस अध्ययनमा नमुना जनसंख्या भित्रका प्रअ र शिक्षकबाट आवश्यक सुचना लिन छुट्टाछुट्टै अन्तर्वार्ता अनुसुची तयार गरि तथ्याङ्क संकलन गरिन्छ । उत्तरदाता सामु मौखिक रुपमा प्रश्न सोधि प्राप्त उत्तरलाई टिपोट गरिएको छ ।          (स्रोतव्याक्ति, प्र.अ. र शिक्षकको लागी अर्न्तबार्ता अनुसुची १,२ र ४)

#### ३.५.२ प्रश्नावली

शैक्षिक क्षेत्रमा गरिने अनुसन्धानमा प्राथमिक सुचना संकलन गर्ने विधि मध्ये प्रश्नावली एक प्रमुख विधि हो । प्रश्नावली विधिमा पूर्व निर्धारित प्रश्नहरु उत्तरदाता सामु हुलाक वा मानिसद्धारा पढाइन्छ र उत्तरदाताले प्राप्त प्रश्नावली भरेर विश्वासिलो र भरपर्दो माध्यमबाट फिर्ता पठाउन अपेक्षा गरिन्छ ( खनाल २०६९: १५५) । अध्ययनको क्रममा नमुना छनोटमा परेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका पदाधिकारीबाट आवश्यक सुचना लिन प्रश्नावलीको प्रयोग गरिएको पाइन्छ । यस अध्ययनमा तयार गरिएका प्रश्नावली उत्तरदाता सामु आफुले भेटेर गरिएको छ । (विद्यालय व्यवस्थापन समितिका पदाधिकारीका लागी प्रश्नावली अनुसूची ३ )

### ३.५.३ सर्भेक्षण फारम

प्रत्येक विद्यालयमा गई स्रोत व्यक्तिबाट भएको विद्यालय सुपरिवेक्षणको अवस्था, शिक्षकहरुले स्रोत व्यक्तिबाट प्राप्त गरेका सेवाहरु, विद्यार्थीहरुले प्राप्त गरेको शैक्षणिक सेवा आदिका सम्बन्धमा तथ्यपरक जानकारीहरु संकलन गर्न विद्यालय सर्भेक्षण फाराम प्रयोग गरिएको छ । (विद्यालयमा गरीएको सर्वेक्षण फारम, कक्षा अवलोकन फारम अनुसूची १०र ११)

## ३.६ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययन अनुसन्धानमा गरिएका तथ्याङ्क , संकलन प्रक्रिया गर्नका लागि छनोटमा परेका व्यक्ति सँग अनुसन्धान गर्नु कर्ता स्वयम आफैले अध्ययन क्षेत्रमा पुगेर प्रत्यक्ष भेटघाट गरि तथ्याङ्क संकलन गरिएको छ । मुख्य सुचना दिने व्यक्तिको रुपमा छानिएका स्रोतव्यक्तिको कार्यकक्षमा पुगि भेटघाट तथा अर्न्तवार्ता गरि तथ्याङ्क टिपोट गरिन्छ । विद्यालयका प्रधानाध्यापकहरुलाई भेट्न सम्बन्धित विद्यालयमा पुगेर अर्न्तवार्ता लिइयो भने प्रधानाध्यापकको सहयोगमा शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई प्रश्नावली भराएर आवश्यक तथ्याङ्कको संकलन गरिएको छ ।

## ३.७ तथ्याङ्कको विश्लेषण प्रक्रिया

यो अध्ययन अनुसन्धानमा तथ्याङ्कको विश्लेषण प्रक्रिया गुणात्मक अनुसन्धान गरिने भएकोले अनुसन्धानको प्रश्नमा केन्द्रीत रहि नमुना छनोटमा परेका जनसंख्या संग गरिएको अर्न्तवार्ता मुख्य सुचना अर्न्तवार्ता भराइका प्रश्नावलीबाट प्राथमिक स्रोतबाट सावधिक रुपमा प्राप्त तथ्याङ्क र सुचना संकलन गरिन्छ । कार्यलयका दस्तावेज पुनारावलोकन कार्यलय अभिलेख जस्ता साहयक स्रोतबाट प्राप्त तथ्याङ्कलाई अध्ययनको उद्देश्य अनुसार विभिन्न समूहमा वर्गिकरण गरिएको छ । समूह भित्र आएका मुख्य विषयलाई छुट्टाएर तिनीहरु त्रिकोणात्मक बनाइ व्याख्या र विश्लेषण गरिन्छ । यसरी त्रिकोणात्मक गएिका तथ्याङ्कहरुलाई पूर्वस्थापित सिद्धान्त र साहित्यसँग जोडेर विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ । यस अध्ययन अनुसन्धानमा विद्यालयको प्रशासनिक निरिक्षण र शैक्षिक सुपरिवेक्षण स्रोतकेन्द्रले खेलेको भुमिका , त्यसबाट समूह विद्यालयले प्राप्त गरेको फाइदाको तुलना गर्दै भविष्यमा स्रोतकेन्द्रले विद्यालय सुपरिवेक्षणमा पुर्‍याउनु पर्ने परिवर्तित सेवा के के हुन सक्छन भन्ने खोजी गरिएको छ ।

# परिच्छेद चार : नतिजाको छलफल

यस परिच्छेदमाशोधका क्रममा छनोटमा परिएका व्यक्तिहरु संग गरिएको अर्न्तवार्ता भराईएका प्रश्नवली वा अवलोकनबाट प्राप्त शाब्दिक तथ्याङ्कहरुलाई प्रस्तुत गरेर अध्ययनको अनुसन्धानात्मक प्रश्न र उद्देश्य अनुसारका विभिन्न उपशिर्षकहरुमा विभाजन गरी नतिजाको विश्लेषण गरिएको छ । उद्देश्यको क्रम अनुसारका उपशिर्षक भित्र प्राथमिक र सहायक स्रोतबाट आएका शाब्दिक तथ्याङ्कहरुलाई प्रस्तुत गरेर स्थापित सैदान्तिक खाका र सम्बन्धित साहित्यको पुनारावलोकनबाट प्राप्त तथ्यलाई जोडेर विश्लेषण गरी प्राप्तीहरु निकालिएको छ ।

## ४.१ स्रोतकेन्द्रले प्रदान गर्ने सुपरिवेक्षण सेवाहरु

यस अध्ययन अनुसन्धानमा पुरा गर्न छनोटमा परेको तोपगाछी स्रोतकेन्द्र र यसका समूह विद्यालयहरुबाट प्राप्त प्राथमिक र माध्यमिक साथै उच्च माध्यमिक सहायक तथ्याङ्कहरुको आधारमा स्रोतकेन्द्रले प्रदान गर्ने सुपरिवेक्षण सेवाको पहिचान गरिएको छ । तोपगाछी स्रोतकेन्द्रले विद्यालयको नियमित भ्रमण गर्ने , शिक्षकको कक्षा शिक्षणको अवलोकन गर्ने , शिक्षकहरुलाई शैक्षिक सामग्री निर्माण सम्बन्धि तालिम दिने , स्रोतकेन्द्र भरिको एउटै वार्षिक कार्यतालिका निर्माण गरी कार्यान्वयन गर्ने , शिक्षकको लागि छोटो अवधिको तालिम संचालन गर्ने , शिक्षण प्रशिक्षण तालिम संचालन गर्ने , विद्यालय प्र.अ. तथा विद्यालय व्यवस्थापन सम्बन्धि छोटो अवधिको तालिम संचालन  गर्ने , स्रोतकेन्द्र भरी एउटै समयमा र एकै किसिमको परीक्षा संचालन गर्न सहयोग गर्ने । स्रोतकेन्द्र भित्रका सबै विद्यालयका शिक्षक र विद्यार्थीको तथ्याङ्क व्यवस्थापन गर्ने , विद्यालय र जिल्ला शिक्षा कार्यलय बिच संचार समन्वय गर्ने , स्रोतकेन्द्र भित्रका विद्यालयहरुलाई शैक्षिक नेतृत्व प्रदान गर्नु र आफ्ना क्षेत्र भित्रका विद्यालयहरुको कार्य सम्पादन मूल्याङ्कन गरी नियन्त्रण गर्ने जस्ता कार्यहरु यस तोपगाछी स्रोतकेन्द्रले गरिएको पाइयो । यसै क्रममा स्रोतकेन्द्रले प्रदान गर्ने सेवाहरुको बारेमा पहिचान गरी अध्ययन गरिएको छ ।

### ४.१.१ स्रोतकेन्द्रको व्यवस्थापकिय सेवा

यस स्रोतकेन्द्रले विद्यालय शैक्षिक सुपरिवेक्षण सँग सँगै व्यवस्थापकिय पक्षलाई पनि ध्यान दिने गरेको पाइयो । स्रोतकेन्द्रले प्रदान गर्ने व्यवस्थापकिय सेवाका बारेमा  स्रोतकेन्द्रको स्थापना प्रशासनिक कार्य भन्दा पनि शिक्षणसिकाइ कार्यले कार्यान्वयन विद्यालय प्र.अ. तथा शिक्षकहरुलाई सहजीकरण गर्न भएको हो तर विद्यालय भ्रमणमा जाँदा होस वा अनौपचारिक भेटघाटमा उनीहरुको अपेक्षा आर्थिक, भौतिक , प्रशासनिक तथा व्यवस्थापकिय सहयोग अपेक्षा नै बढी मात्रामा रहेको पाइन्छ । यस क्षेत्रका विद्यालयहरुमा एउटै शैक्षिक क्यालेण्डर लागु गर्न समन्वयकारी र नेतृत्व दायी भुमिका खेलेको छ । विद्यालयका भौतिक ,आर्थिक र प्रशासकि समस्याहरुलाई सम्बन्धि निकायहरुमा पुऱ्याउने र शिक्षकका दैनिक कक्षा शिक्षणसिकाईमा देखिएका समस्या हल गर्न सहयोग गरेको छ । माथिका भनाईबाट के प्रष्ट हुन्छ भने स्रोतकेन्दले नितान्त शैक्षिक गतिविधिमा मात्र सिमित नभइ शैक्षिक गतिविधिमा सहायक हुने प्रशासकिय क्रियाकलाप पनि सहयोग गरेको देखिन्छ । विद्यालयको शिक्षणसिकाइ कार्यलाई सहजीकरण गर्न विद्यालयको व्यवस्थापकिय पक्षमा सहयोग गर्नु  पर्ने देखिएको छ । यहाँ स्रोतकेन्द्रले गर्ने प्रशासकिय सहयोगलाई विश्लेषण गर्न फेयल  सन् १९१६को अवधारणा सहयोग पुऱ्याएको छ ।

स्रोतकेन्द्रको योजना निर्माणको अवस्था योजना भावि कार्यक्रमको रुपरेखा हो । योजना तयार नगरी कुनै पनि कार्यलाई व्यवस्थित ढंगले अगाडी बढ्न सक्दैनन् । त्यसैले कुनै कार्य गर्नु अघि उक्त काम कहिले गर्ने , कस्ले गर्ने , किन गर्ने , आदिको कुराको पूर्व निर्धारण गर्नु आवश्यक हुन्छ । यसै अनुरुप यस स्रोतकेन्द्रले शैक्षिक सत्रको सुरुमा समूह विद्यालयका प्र.अ.को बैठक राखेर स्रोतकेन्द्र स्तरीय वार्षिक कार्ययोजना बनाइ शैक्षिक क्यालेण्डर तयार पारिएको छ । उक्त शैक्षिक क्यालेण्डरमा विद्यार्थी भर्ना , वार्षिक पाठयोजना निर्माण , त्रैमासिक ,अर्धवार्षिक र वार्षिक परीक्षा संचालन अतिरिक्त क्रियाकलाप , प्र.अ. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक बैठक आदि वर्ष भरी गरिने क्रियाकलाप समावेश गरेको पाइन्छ ।

योजना निर्माणका सम्बन्धमा शैक्षिक सत्रको सुरुमा सबै विद्यालय सँग समन्वय गरेर सहभागिता मूलक ढंगले तयार पारिने वार्षिक कार्ययोजनाले विद्यालयको दैनिक पठनपाठनलाई प्रभावकारी बनाउँन र समयमा कोर्ष पूरा गर्न सहयोग गरेको प्रधानाध्यापकहरुको प्रतिक्रिया पाइयो । यस कार्यले स्रोतकेन्द्रका विद्यालयको पठनपाठनमा एक रुपता समेत ल्याउन सहयोग गरेको पाइयो ।

माथिका भनाइबाट वार्षिक कार्ययोजना निर्माणमा स्रोतकेन्द्रले उल्लेख गरेको छ । स्रोतकेन्द्रले समूह विद्यालयसंग समन्वय गरी सबैलाई सहभागिता मूलक ढंगले योजना निर्माण गरिएको पाइन्छ । यसबाट योजना कार्यान्वयनमा समेत सहजता भएको देखियो ।

**(क) स्रोतकेन्द्र संगठनको अवस्था**

साझा लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि सबै व्यक्ति साधन स्रोत र क्रियाकलापहरुलाई एकै सुत्रमा बाध्ने व्यवस्थापकिय कार्यलाई संगठन भनिन्छ । निर्धारित लक्ष्य पूरा गर्न धेरै मानिसहरु एउटै संरचनामा रही कार्य संपादन गर्ने संगठन हो । यसरी हेर्दा स्रोतकेन्द्रमा स्रोतव्यक्ति , प्र.अ. , शिक्षक , विद्यालय व्यवस्थापन समिति एउटै संरचनामा रही काम गर्ने हुदाँ स्रोतकेन्द्र पनि एउटा संगठानात्मक रुप हो । यस स्रोतकेन्द्रले विद्यालयको शिक्षणसिकाइलाई सहजिकरण गर्न समूह विद्यालयका प्र.अ. तथा शिक्षक परिचालन गर्ने कार्यको बाँडफाँड गरी विभिन्न समितिहरुलाई जिम्मेवारी दिइएको पाइन्छ । विषयगत शिक्षकहरुको विषय शिक्षण समूह खेलकुद र अतिरिक्त क्रियाकलाप परीक्षा संचालन र मूल्याङ्कन जस्ता समितिहरु बनाइ कार्यविभाजन गरेको विषयवस्तु स्रोतकेन्द्रको अभिलेखमा पाइन्छ । यस स्रोतकेन्द्रका शिक्षकहरुको प्रतिनिधित्व हुने गरी नेपाली विषय शिक्षण समिति , अंग्रेजी विषय शिक्षण समिति , गणित विषय शिक्षण समिति , विज्ञान विषय शिक्षण समिति र सामाजिक विषय शिक्षण समिति गठन गरेको पाइन्छ । स्रोतकेन्द्रद्धारा संचालन हुने परीक्षालाई मर्यादित र व्यवस्थित गर्न , अतिरिक्त क्रियाकलाप व्यवस्थापन समिति गठन गरेको विषयवस्तु स्रोतकेन्द्रको अभिलेखमा पाइन्छ । यसबाट यस स्रोतकेन्द्रले आफ्ना क्षेत्रभित्र रहेका विद्यालयका शिक्षकहरुलाई विभिन्न समितिको आवद्ध गरी कामको जिम्मेवारी दिइन्छ ।

**(ख) स्रोतकेन्द्रको निर्देशन प्रक्रिया**

यस स्रोतकेन्द्रले स्रोतकेन्द्र अन्र्तगत रहेका समूह विद्यालयहरुलाई उचित नेतृत्व प्रदान गर्न आवश्यक निर्देशन दिने तथा संचार सम्बन्ध स्थापना गर्ने कार्य गरेको पाइन्छ । समूह विद्यालयका प्र.अ. , शिक्षक तथा विद्यालय व्यवस्थापन समितिलाई शिक्षण संस्थाको उद्देश्य अनुरुप चल्न स्रोतकेन्द्रले नेतृत्व दायी भुमिका खेलेको तथा आवश्यक परेको वेलामा

निर्देशन सल्लाह सुझाव समेत दिने गरेको पाइन्छ । जिल्ला शिक्षा कार्यलय र विद्यालय विच संचार तथा प्रवोधिकरण गर्न स्रोतकेन्द्रले काम गरेको पाइन्छ । प्रत्येक महिनाको पाँच गते जि.शि.का.मा हुने जि.शि.अ. विद्यालय निरिक्षक र स्रोतव्यक्तिको संयुक्त बैठकले तयार गरेका कार्यक्रमहरुलाई विद्यालय सम्म पुऱ्याउन प्रत्येक महिनाको ७ गते स्रोतकेन्द्रमा हुने प्र.अ. बैठक बस्नुले विद्यालय र जि.शि.का. बिचको पूलको काम स्रोतकेन्द्र नै हो भन्ने पुष्टी हुन्छ । स्रोतव्यक्तिले शिक्षकहरुलाई प्रधानाध्यापक बैठक विद्यालयको कक्षाकोठा तालिम कार्यक्रममा आवश्यक सल्लाह र निर्देशन दिने गरेको पाइयो । शिक्षकहरुको प्रतिक्रिया रहेको पाइन्छ । यसस्रोतकेन्द्र भित्रका विद्यालयहरुलाई एउटै छानामुनि ल्याएर शिक्षणसिकाइ कार्यलाई सहजीकरण गर्न त्यस्को शैक्षिक नेतृत्व स्रोतकेन्द्रले गरेको देखिन्छ । स्रोतव्यक्तिको निर्देशन गर्ने तरिकाबाट शिक्षक सन्तुष्ट रहेको देखिन्छ ।

स्रोतकेन्द्र भित्रका विद्यालयका प्र.अ. , शिक्षक , विद्यालय व्यवस्थापन समिति तथा सरोकारवाला हरु संग समन्वय गरेर विद्यालयको शिक्षणसिकाइ कार्यमा आवश्यक पर्ने सहयोग जुटाइएको पाइन्छ । यस स्रोतकेन्द्रले जि.शि.का. आफ्ना क्षेत्र भित्रका विद्यालय समन्वय गरी कार्यसम्पादन गर्ने गरिएको पाइन्छ । त्यस्तै समूह विद्यालयका प्र.अ. , शिक्षक , विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरुको संयुक्त र छुट्टा छुट्टै वैठक भेला अर्न्तक्रिया गराइ वार्षिक कार्ययोजना निमार्ण , वार्षिक पाठयोजना निर्माण परीक्षा संचालन तथा दैनिक शिक्षणसिकाई कार्यमा समेत समन्वय गरी स्रोतकेन्द्रभरि एकै किसिमको शैक्षिक कार्यक्रम संचालन गरेको पाइन्छ । स्रोतकेन्द्रले हरके महिनाको ७ गते स्रोतकेन्द्रभरिका प्र.अ.को वैठक राख्ने गरेको पाइन्छ । प्रत्येक महिनाको तेस्रो हप्ता विद्यालय व्यवस्थापन समिति अध्यक्षहरुको वैठक राख्ने गरेको पाइन्छ । आवश्यकता अनुसार शिक्षक , प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिको पदाधिकारीहरु संग अर्न्तक्रिया गरिएको पाइन्छ । स्रोतकेन्द्र समन्वय प्रक्रियाका बारेमा यस स्रोतकेन्द्रले कुनै कार्यक्रमको योजना गर्दा होस वा त्यस्को कार्यान्वयन गर्दा होस जहिले पनि समूह विद्यालयसंग समन्वय गरेर काम गर्ने गरिएको पाइन्छ । प्रत्येक महिना स्रोतकेन्द्रमा हुने वैठकमा विद्यालयका समस्याकाबारेमा छलफल हुन्छ । समस्या समाधानको लागि सबै पक्षहरु संग समन्वय गरेर नै अगाडी बढेको महसुस गरिएको छ ।

यसरी हेर्दा स्रोतकेन्द्रको समन्वयकारी भुमिका सकारात्मक रहेको पाइयो । स्रोतकेन्द्रले समूह विद्यालयका शिक्षक , प्र.अ. तथा अभिभावकसंगको आपसी समन्वयबाट कार्यसम्पादन गर्ने गरेको हुँदा सबै पक्ष सन्तुष्ट रहेको पाइन्छ ।

### (ग) स्रोतकेन्द्र नियन्त्रण प्रक्रिया

निर्धारित एन , नियममा व्यवस्था भए अनुसार विद्यालय संचालन भए नभएको परीक्षा मर्यादित भए नभएको , कक्षा अवलोकन पछि दिइएको सुझाव कार्यान्वयन भए नभएको तालिममा सिकेको सीप तालिम पछि कक्षामा प्रयोग गरे नगरेको जस्ता कार्यको मूल्याङ्कन गरी स्रोतकेन्द्रले समूह विद्यालयलाई नियन्त्रण गर्ने गरेको पाइयो । यस्का लागि विद्यालय स्तरका शैक्षिक तथ्याङ्क तथा व्यवस्थापन गर्ने गरेको पाइयो । नियन्त्रण भन्नाले कुनै कार्यक्रमका निर्धारित लक्ष्य पुरा भएन भन्ने थाहा पाउन त्यस्को मूल्याङ्कन गरी आवश्यक कदम चाल्नु भन्ने बुझिन्छ । स्रोतव्यक्तिका अनुसार स्रोतकेन्द्रले समूह विद्यालय तथा शिक्षकहरुलाई आवश्यक नियन्त्रण तथा निर्देशन गर्ने यस्तो कदम चालेको पाइन्छ । वार्षिक कार्यतालिका अनुसार विद्यालयहरुले पठाए नपठाएको निर्धारित समयमा परीक्षा संचालन गरी परीक्षा फल प्रकाशित गरे नगरेको समेत मूल्याङ्कन गर्न विद्यालय भ्रमण कक्षा अवलोकन तथा शैक्षिक तथ्याङ्कका आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी आवश्यक

सुधार गर्न के गर्ने भनी सम्बन्धित पक्षसंग छलफल गरिन्छ । त्यस्तै सुपरिवेक्षकले विद्यालयसंग सम्बन्धित समस्या हल गर्न खेलेको भुमिकाको सन्दर्भमासुपरिवेक्षकले विद्यालय तथा शिक्षकका कमिकमजोरी औंल्याउन तथा त्यसलाई सुधार गर्न एक सहज कर्ताको रुपमा सहयोग गरेको छ ।

माथिका प्रतिक्रियाबाट स्रोतकेन्द्रको नियन्त्रण प्रक्रिया सुधारात्मक शैलीमा रहेको देखिन्छ । विद्यालय तथा शिक्षकका समस्या तथा कमजोरी सुधार गर्न सम्बन्धित पक्षसंग सुधारको कदम चालिनाले नियन्त्रण प्रक्रिया कमिकमजोरीको सुधार गर्न सहयोग गर्ने सुधारात्मक शैली मान्न सकिन्छ ।

### ४.१.२ स्रोतकेन्द्रले प्रदान गरेको सुपरिवेक्षणीय सेवा

यस तोपगाछी गा.वि.स. स्रोतकेन्द्रले शैक्षिक उद्देश्य प्राप्तिको लागि कक्षाकोठामा गरिने अध्ययन शैक्षिक कार्यक्रममा प्रभावकारीता ल्याउन विद्यालयको शैक्षिक , आर्थिक , भौतिक एंवम मानविय पक्षको अध्ययन गरी आवश्यक सल्लाह सुझाव र निर्देशन दिन विद्यालय भ्रमण पक्ष अवलोकन , नमुना पाठ प्रर्दशन आदि शैक्षिकसुपरिवेक्षण सम्मन्धि गर्ने गरेको पाइन्छ । उक्त कार्यक्रमलाई निम्न अनुसार उल्लेख गरेको छ ।

**(क) विद्यालय भर्ना**

अध्ययनको क्रममा नमुना छनोटमा परेका तोपगाछी गा.वि.स. स्रोतकेन्द्रले विद्यालयको शैक्षणिक क्रियाकलापलाई प्रभावकारी बनाउन एंवम शिक्षकको पेशागत सीप विकासमा सहयोग गर्नका लागि स्रोतव्यक्तिले नियमित रुपमा विद्यालयको भ्रमण गरिएको पाइयो । यस स्रोतकेन्द्र क्षेत्र भित्रका ३८ ओटा विद्यालय रहेकाले साधरण तथा वर्षमा कम्तिमा तीन पटक स्थलगत भ्रमणमा पनि गएको पाइयो । स्रोतकेन्द्रबाट भौगोलिक रुपमा सबै भन्दा टाढा रहेको विद्यालय महेन्द्ररत्न मा.वि. का प्र.अ. ले गत वर्ष स्रोतव्यक्ति ४ पटक विद्यालय भ्रमणमा आएको बताउनु भयो । स्रोतकेन्द्रले आफ्ना क्षेत्रका सबै विद्यालयमा समानरुपले सुपरिवेक्षण भ्रमण गर्न नसकेको सन्दर्भमा स्रोतव्यक्तिको प्रतिक्रिया थियो सबै विद्यालयमा समान रुपमा भ्रमण गर्न सकिदैन , भौगोलिक रुपले टाढा रहेका विद्यालयमा कम भ्रमण हुन्छ । विद्यालयले अनुरोध गरेका आधारमा प्राथमिकता निर्धारणका आधारमा समस्याको पहिचानको आधारमा भ्रमण गर्नु पर्ने विद्यालयको वर्गिकरण गरे अनुसारको पाइन्छ । यसै अनुरुप भ्रमणको योजना बनाइन्छ । कम्तिमा एउटा विद्यालयमा वर्षको ३ पटक भ्रमणहुने गर्दछ ।

यसै सन्दर्भमा विद्यालयले माग गरेर बोलाएको समयमा सुपरिवेक्षणबाट विद्यालय भ्रमण हुने गरेको अनुभव सुनाउँदै शिक्षकको शिक्षणसिकाइ समस्या हल गर्न नसकेको बेला स्रोतव्यक्तिलाई फोन गरेर बोलाएको थिए , त्यस्को केहि दिनमा विद्यालय आउनु भयो र शिक्षकलाई शिक्षणसिकाई क्रियाकलाप, शिक्षण विधि सम्बन्धि तालिम दिनु भयो ।

माथि उल्लेखित भनाइबाट स्रोतकेन्द्र भित्रका सबै विद्यालयहरुमा समान रुपले सुपरिवेक्षण भ्रमण हुन नसकेको प्रष्ट हुन्छ । तर प्राथमिकता निर्धारण र समस्याको पहिचानका आधारमा भ्रमण गर्नु पर्ने विद्यालयको वर्गिकरण गर्नुले समस्यामा परेका विद्यालयहरुले चाँही सुपरिवेक्षण सेवा पाएको देखिन्छ । भने विद्यालयले माग गरेको समयमा सुपरिवेक्षण गर्नुले शिक्षकको समस्या हल गर्न प्रत्यक्ष सहयोग पुगेको देखिन्छ ।

### (ख) कक्षा शिक्षणको अवलोकन

शिक्षकले कक्षा शिक्षण गरेको समयमा कक्षा कोठामा व्यवस्थापन विषयवस्तुको प्रकृती प्रस्तुत , विद्यार्थीसंगको अर्न्तक्रिया शैक्षिक सामग्री प्रर्दशन गर्न क्रियाकलाप र मूल्याङ्कनका तरिका लगायत शिक्षणसिकाइ सम्बन्धि सम्पूर्ण पक्षलाई निश्चित मापदण्डका आधारमा हेर्नु र त्यस्मा देखिएका कुराहरु भविष्यमा छलफल र पृष्ठपोषण दिनको लागि टिपोट गर्नुलाई कक्षाकोठा शिक्षणको अवलोकन भनिन्छ । शिक्षकको सिकाइ समस्याको पहिचान गर्नु , शिक्षकलाई तालिमको आवश्यकता पहिचान गर्न तथा तालिम पछि शिक्षकमा अपेक्षित सीप विकास भए नभएको मूल्याङ्कन गर्ने बेला बेलामा यस स्रोतकेन्द्रले स्रोतव्यक्ति वा अन्य विषय विज्ञबाट शिक्षकको कक्षा शिक्षणको अवलोकन गर्ने गरेको पाइन्छ। कक्षा अवलोकन पछि सुपरिवेक्षकले सल्लाह र सुझाव दिने गरेको विषयवस्तुमा सबै शिक्षकहरुले सहमति जनाएको पाइन्छ । स्रोतव्यक्तिका अनुसार सबै शिक्षकको कक्षा अवलोकन सम्भव जनाइएको पाइयो । स्रोतव्यक्तिका अनुसार सबै शिक्षकको कक्षा अवलोकन सम्भव नभएकाले मागमा आधारित भएर कक्षा छनोट गर्ने गरेको पाइयो ।

कक्षा शिक्षणको अवलोकन पूर्व शिक्षक र सुपरिवेक्षण बसेर कक्षा शिक्षणको योजना बनाइएको सम्बन्धमा सुपरिवेक्षक छोटो समय लिएर विद्यालयमा पुग्नु हुन्छ , शिक्षकले बनाएको पाठयोजना हेरेर सुपरिवेक्षकले अवलोकन गर्नु हुन्छ र सुझाव दिएर जानु हुन्छ ।यस भनाइबाट उपचारात्मक सुपरिवेक्षणमा भने जस्तो कक्षा अवलोकन पूर्व सुपरिवेक्षण र शिक्षक मिलेर कक्षा अवलोकनको योजना बनाउने गरेको पाइयो । शिक्षकले बनाएको योजनाको आधारमा सुपरिवेक्षण हुने गरेको पाइन्छ ।

### (ग) नमूना पाठ प्रर्दशन

सुपरिवेक्षकले शिक्षकको कक्षा शिक्षणको अवलोकनको समयमा पहिचान गरेका शिक्षक सिकाइ समस्या हल गर्न सुपरिवेक्षकले स्वयम विषयविज्ञद्धारा शिक्षक सामु नमूना पाठको शिक्षण प्रर्दशन गर्नु पर्ने हुन्छ । यस स्रोतकेन्द्रले शिक्षकले विशेष सिकाइ समस्या हल गर्न र शिक्षकमा नयाँ शिक्षण विधिको सीप सिकाउन स्रोतव्यक्ति वा विषयविज्ञबाट नमूना पाठ प्रर्दशन गराउने गरेको पाइयो । यसै सर्न्दभमा नमूना पाठ प्रर्दशनबाट शिक्षकमा अपेक्षित सीप विकास हुने गरेको विषयवस्तुमा शिक्षक तथा प्र.अ. समत रहेको पाइन्छ । यसबाट के देखिन्छ भने सुपरिवेक्षकले गराउने नमूना पाठ प्रर्दशनबाट शिक्षकमा अपेक्षित सीप विकास हुने गरेको कुरामा शिक्षक तथा प्र.अ. सहमत गरेको पाइयो । यसै सर्न्दभमा यसबाट के प्रष्ट देखिन्छ भने सुपरिवेक्षकले गराउने नमूना पाठ प्रर्दशनले शिक्षकहरुलाई आफ्ना सिकाइ समस्या हल गर्न सहयोग पुगेको छ । सबै पक्ष र विषयका पाठको नमूना पाठ प्रर्दशन गर्न साधन र स्रोतले नभाउने हुँदा आवश्यकताको पहिचान गरी मागमा आधारित भएर कक्षा विषय र पाठको छनोट गर्ने गरेको कुरा स्रोतव्यक्तिले बताउनु भयो । नमूना पाठ प्रर्दशन गर्ने स्रोतकेन्द्रमा रहेका शिक्षकहरुको विषय शिक्षण समितिले समेत सहयोग गर्ने गरेको पाइन्छ । यसबाट स्रोतकेन्द्र भित्रका शिक्षकहरुले एक आपसमा अनुभवको आदन प्रदान गरेको र यो अनुभवको आदन प्रदान शिक्षण सिकाइमा प्रत्यक्ष सहयोग पुगेको समेत पुष्टी हुन्छ ।

### (घ) शैक्षिक सामग्री निर्माण

यस स्रोतकेन्द्रले शिक्षण सिकाइलाई रोचक र अर्थपूर्ण बनाउन शिक्षकहरुलाई शैक्षिक सामग्री निर्माण गर्ने तालिम दिने गरेको पाइन्छ । स्रोतकेन्द्रका विषय शिक्षण समिति मार्फत स्थानिय स्तरमा उपलब्ध सामग्रीको प्रयोग गरी यस्ता सामग्री निर्माण गर्न सिकाइने गरेको पाइयो । विषय र पाठ अनुसारका शिक्षण सामग्रीको छनोट र त्यसको निर्माण तथा कक्षाकोठामा प्रयोग गर्ने सीप सिकाउने कुरा अनुसन्धानकर्ता विद्यालयको स्थलगत भ्रमण गर्ने क्रममा धेरै जस्तो विद्यालयका कार्यलयमा माटो तथा काठबाट बनेका शैक्षिक सामग्री तथा चित्र बनाइएको पाइयो । शैक्षिक सामग्रीको कक्षाकोठामा प्रयोग हुने गरेका कारण विद्यार्थीलाई समेत जटिल धारणा भएका पाठहरु बुझ्न सजिलो हुने देखिन्छ ।

### (ङ) परीक्षा र मूल्याङ्कन

यस स्रोतकेन्द्र भरिका विद्यालयहरुमा विद्यार्थीको मूल्याङ्कन गर्न एकै किसिमको परीक्षा लिने गरेको पाइयो । जिल्ला स्तरीय वाहेकका अर्धवार्षिक र वार्षिक परीक्षाको प्रश्न पत्र निर्माण तथा छपाइ स्रोतकेन्द्र कै नेतृत्वमा हुने गरेको पाइन्छ । स्रोतकेन्द्रमा रहेको परीक्षा समितिले विद्यालयका विषय शिक्षक संग समन्वय गरी प्रश्न पत्र निर्माण गर्ने गरेको पाइयो । स्तरीय प्रश्न पत्र बनाउन र मर्यादित परीक्षा संचालन गर्न स्रोतकेन्द्रले नेतृत्व दायी भुमिका खेलेको पाइयो । स्रोतकेन्द्रको यस प्रकारको सहयोगले स्तरीय परीक्षा निर्माण गर्न शिक्षकहरुलाई सहयोग पुगेको र यसबाट स्रोतकेन्द्र भरिका विद्यार्थीको मूल्याङ्कन एकरुपता कायम भएको पाइयो ।

### (च) तालिम संञ्चालन

कुनै पनि कार्य प्रभावकारी ढंगले संचालन गर्न प्राप्त सैद्धान्तिक ज्ञान सीपलाई व्यवहारमा उतार्न वा आशा गरे अनुरुपको व्यवहार सृजना गर्नका लागि दिइने थप ज्ञान र सीपलाई तालिम भनिन्छ । शिक्षकले पेशागत दक्षता र क्षमता अभिवृद्धिको लागि तालिम दिइन्छ । यस स्रोतकेन्द्रले विद्यालय भित्रका प्र.अ. शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई विभिन्न किसिमका छोटो अवधिका तालिम दिने गरेको पाइन्छ । स्रोतकेन्द्रको अभिलेख अनुसार मागमा आधारित शिक्षक तालिम प्र.अ. तालिम , शिक्षण प्रशिक्षण तालिम , शैक्षिक सामग्री निर्माण तालिम , विद्यालय व्यवस्थापन तालिम , पाठ्यक्रम प्रवोधिकरण जस्ता तालिमहरु संचालन हुने गरेको पाइयो । सिकाइलाई बढि प्रभावकारी बनाउन बालकेन्द्रित शिक्षण गर्न र परिवर्तित पाठ्यक्रम पाठ्यपुस्तक तथा विधिहरुको आधारमा शिक्षकलाई दक्ष बनाउन विशेषज्ञहरुको चयन गरी तालिम दिने गरेको पाइन्छ । विद्यालय व्यवस्थापनलाई थप सहयोग पुऱ्याउने उद्देश्यले प्र.अ. र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाई विद्यालय व्यवस्थापन सम्बन्धि तालिम दिने गरेको पाइन्छ । स्रोतकेन्द्रले तालिम दिए पछि सीप विकास भए नभएको नियमित अनुगमन हुने गरेको पाइन्छ ।

### (छ) शैक्षिक तथ्याङ्क व्यवस्थापन

यस स्रोतकेन्द्रले आफ्ना क्षेत्र भित्रका विद्यालयका शिक्षक , विद्यार्थीसंग सम्बन्धित शैक्षिक तथ्याङ्कहरु अध्यअवधिक रुपमा व्यवस्थापन गरेको पाइन्छ । शिक्षकको शैक्षिक योग्यता , तह , श्रेणी , लिङ्ग , सेवा , अवधि अध्यापन विषय खुल्ले गरी तथ्याङ्क र व्यवस्थापन गर्ने गरेको पाइन्छ । प्रत्येक विद्यालयका विद्यार्थी संख्या कक्षागत विवरण , तहगत विवरण , उमेरगत विवरण , जातिगत तथा शैक्षिक उपलब्धिका अध्याअवधिक विवरण व्यवस्थापन गरेको विषय वस्तु स्रोतकेन्द्रको

अभिलेखमा पाइन्छ । यी तथ्याङ्कहरुलाई स्रोतकेन्द्रको वार्षिक शैक्षिक क्यालेण्डरमा प्रत्येक वर्ष प्रकाशित गर्ने गरेको पाइन्छ । यस प्रकारको शैक्षिक तथ्याङ्क व्यवस्थापनले यस स्रोतकेन्द्रका विद्यालय शिक्षक , विद्यार्थी सम्बन्धि विवरण चाहिएको बेलामा उपलब्ध हुन सक्ने देखिन्छ ।

संक्षेपमा स्रोतकेन्द्रले समूह विद्यालयहरुलाई व्यवस्थापकिय तथा शैक्षिक कार्यमा सहयोग गर्न विभिन्न सेवाहरु प्रदान गर्ने गरिन्छ । व्यवस्थापकिय सेवा अर्न्तगत योजना , संगठन , निर्देशन, समन्वय , नियन्त्रण कार्यमा सहयोग गरेको देखिन्छ भने, शैक्षिक क्षेत्रमा प्रत्यक्ष सहयोग पुग्ने कक्षा अवलोकन , नमूना पाठ प्रर्दशन , छोटो अवधिको तालिम , शैक्षिक सामग्री निर्माण , विद्यार्थी मूल्याङ्कन, परीक्षा तथा शैक्षिक तथ्याङ्क व्यवस्थापनमा सहयोग गरेको देखिन्छ । तोपगाछी स्रोतकन्द्रले विद्यालयको नियमित भ्रमण गर्ने , शिक्षकको कक्षा शिक्षणको अवलोकन गर्ने , विषयविज्ञबाट नमूना पाठ प्रर्दशन गर्ने गराउने , शिक्षकहरुका लागि छोटो अवधिको तालिम संचालन गर्ने , शिक्षक र शिक्षण तालिम संचालन गर्ने , विद्यालय प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाई विद्यालय व्यवस्थापन सम्बन्धि छोटो अवधिको तालिम संचालन गर्ने , शिक्षकहरुलाई शैक्षिक सामग्री निर्माण सम्बन्धि तालिम दिने , स्रोतकेन्द्र भरिको एउटै वार्षिक कार्यतालिका निर्माण गरी कार्यान्वयन गर्ने , स्रोतकेन्द्र भरी एकै समयमा एकै किसिमको परीक्षा संचालन गर्ने । स्रोतकेन्द्र भित्रका सबै विद्यालयहरुका शिक्षक र विद्यार्थीहरुको तथ्याङ्क व्यवस्थापन गर्ने । विद्यालय र जिल्ला शिक्षा कार्यलय विच संचार समन्वय गर्ने , स्रोतकेन्द्र भित्रका विद्यालयहरुलाई शैक्षिक नेतृत्व प्रदान गरी आफ्ना क्षेत्र भित्रका विद्यालयहरुको कार्यसम्पादन मूल्याङ्कन गरी नियन्त्रण गर्ने जस्ता कार्यहरु यस तोपगाछी स्रोतकेन्द्रले गरेको पाइन्छ ।

## ४.२ स्रोतकेन्द्रको सुपरिवेक्षणबाट शिक्षकलाई पुगेको सहयोग

नमूना छनोटमा परेका व्यक्तिसंगको अर्न्तवार्ता , भराइएका प्रश्नावली र कार्यलयका दस्तावेजको अध्ययनबाट स्रोतकेन्द्रले प्रदान गर्ने सेवाको पहिचान भइसके पछि स्रोतकेन्द्रले प्रदान गरेका ती सेवा समूह विद्यालय शिक्षकहरुको के केस्तो लिन सके भन्ने विषयवस्तुको विश्लेषण निम्न अनुसार गरिएको छ ।

### ४.२.१ योजना निर्माणमा पुगेको सहयोग

यस अध्ययनमा स्रोतकेन्द्रले विद्यालय सरोकारवालाहरु संग समन्वय गरी शैक्षिक सत्रको सुरुमा तयार पारको वार्षिक कार्ययोजनाले शिक्षकहरुलाई विषय शिक्षणको वार्षिक योजना बनाउन , एकाइ योजना बनाउन , दैनिक पाठयोजना बनाउन समेत शिक्षकको दैनिक शिक्षण समय तालिका तथा विद्यालयका अन्य कार्यक्रमहरु व्यवस्थित गर्न सहयोग पुगेको पाइन्छ । स्रोतव्यक्तिका अनुसार यो स्रोतकेन्द्र भरी एकै किसिमको शैक्षिक कार्यक्रम लागु गर्न उक्त वार्षिक कार्ययोजनाले सहयोग पुगेको पाइन्छ । शैक्षिक क्यालेण्डरका आधारमा पाठयोजना निर्माण गरी कक्षा शिक्षण गर्न सहयोग पुगेको सर्न्दभमा दैनिक कक्षा शिक्षणमा सबै पाठको शिक्षण योजना बनाउन सम्भव हुँदैन तर सम्भव भए सम्म पाठयोजना निर्माण गर्नु एकाइ योजना चाहि सबै एकाइको निर्माण गरी त्यसैको आधारमा कक्षा शिक्षण गरिन्छ । स्रोतकेन्द्रको शैक्षिक क्यालेण्डरले परीक्षा कहिले हुने , त्यस अवधिमा कति पाठ पढाउने भन्ने योजना बनाउन सहयोग गरेको पाइन्छ ।

शिक्षकको माथिको सहमति गराउँदै कमला मदन आश्रित मा.वि.को प्राचार्यको प्रतिक्रिया यस्तो रहन्छ। त्रैमासिक , अर्धवार्षिक र वार्षिक परीक्षामा अगाडी कति पाठ पढाइ सक्यो भन्ने योजना गर्न शिक्षक र विद्यार्थी दुवैलाई परीक्षाको तयारी गर्न शैक्षिक क्यालेण्डरले मार्ग प्रस्तुत गरेको छ।

माथिका भनाइबाट स्रोतकेन्द्रले समूह विद्यालयसंग समन्वय गरी तयार पार्ने स्रोतकेन्द्र स्तरीय शैक्षिक क्यालेण्डरले शिक्षकहरुलाई एकाइ योजना तथा वार्षिक कार्ययोजना निर्माण गर्न सहयोग पुगेको देखिन्छ। त्रैमासिक र अर्धवार्षिक तथा वार्षिक परीक्षा कहिले हुने उक्त अवधि भित्र कति पाठ पढाइ सक्ने भन्ने विषयमा शिक्षकलाई पूर्व योजना बनाउन सजिलो हुन्छ । शिक्षकहरु सुपरिवेक्षकले गर्ने कक्षा अवलोकनको समयमा मात्र दैनिक पाठयोजना बनाएर शिक्षण गर्ने गरेको विषयवस्तु स्रोतव्यक्तिले बताए । यसबाट के प्रष्ट हुन्छ भने सुपरिवेक्षणले कक्षा अवलोकन गर्ने वेलामा मात्र शिक्षकहरुले पाठयोजना निर्माण गर्ने र अन्य समयमा पाठयोजना नबनाई शिक्षण गर्ने गरेको पाइन्छ।

### ४.२.२ नमूना पाठ प्रदर्शन

शिक्षकको सीप विकासमा पुगेको सहयोग यस स्रोतकेन्द्रले शिक्षकको कक्षा अवलोकन पछि सुपरिवेक्षण तथा शिक्षकले पहिचान गरेका जटिल विषय र पाठ्यक्रमहरुको स्रोतव्यक्ति वा विषयविज्ञबाट नमूना पाठ प्रदर्शन गर्ने गरेको पाइन्छ । सुपरिवेक्षण वा विषयविज्ञले नमूना पाठ प्रर्दशनबाट शिक्षकमा अपेक्षित सीप विकास भएको सम्बन्धमा जटिल अवधारणाको सिकाइमा सुपरिवेक्षक वा विषयविज्ञले प्रस्तुत गरेको नमूना पाठ प्रर्दशनले दैनिक कक्षा शिक्षणमा ठूलो सहयोग पुगेको पाइन्छ । पहिचान भएका जटिल धारणा सम्बन्धित विषयका विषयविज्ञ झिकाएर शैक्षिक सत्रको सुरुमा नै स्रोतकेन्द्रले नमूना पाठ प्रर्दशनका माध्यमबाट शिक्षकमा शिक्षण सीपको विकास गराएर हामीलाई वर्षभरि कक्षा शिक्षण अझ सजिलो हुने थियो।

स्रोतकेन्द्रले गर्ने नमूनामा पाठ प्रर्दशन प्राप्त नभएको उल्लेख गर्दैसुपरिवेक्षकबाट हुने नमूना पाठ प्रर्दशनले हामीलाई कक्षा शिक्षण गर्न नयाँ ज्ञान सीप विकास गराएको पाइन्छ तर अहिले भइरहेको नमूना पाठ प्रर्दशन पर्याप्त मात्रामा छैन।

माथि उल्लेखित कथनबाट सुपरिवेक्षकको नमूना पाठ प्रर्दशनले शिक्षकहरुमा अपेक्षा गरिएका जटिल धारणा सिकाउने सीप र विकास भएको पाइन्छ। शिक्षकले पहिचान गरेका जटिल पाठको प्रर्दशन शैक्षिक सत्रको सुरुमा गर्दा राम्रो देखिन्छ।

उपचारात्मक सुपरिवेक्षणमा जस्तो समस्याको पहिचान गर्न सुपरिवेक्षक र शिक्षक विचको औपचारिक छलफल भने कमै मात्रामा हुने गरेको पाइन्छ। कक्षा शिक्षणको अवलोकन पछि शिक्षक र सुपरिवेक्षकले पहिचान गरेका शिक्षकका कमजोर पक्षको निराकरण गर्न औपचारिक छलफल पछि नमूना पाठ प्रर्दशन गर्न सके अझ उपलब्धि मुलक हुने देखिन्छ।

### ४.२.३ शिक्षक तालिमले शिक्षकको पेशागत दक्षता विकासमा पुऱ्याएको सहयोग

स्रोतकेन्द्रले संचालन गर्ने छोटो अवधिको शिक्षक तालिम लिइसकेपछि शिक्षकमा अपेक्षा गरिएका शिक्षण सीपको विकास भएको अनुभव स्रोतव्यक्तिको रहेको पाइन्छ। तालिम पछि शिक्षकले कक्षामा उक्त सीप कसरी प्रयोग गरिराखेका छन् भन्ने अनुगमन गर्न स्रोतव्यक्तिले कहिले काही शिक्षकको कक्षा अवलोकन पनि गर्ने गरेको पाइन्छ । स्रोतकेन्द्रले

संचालन गर्ने तालिमबाट शिक्षकमा अपेक्षा गरिएका सीप विकास भएको उल्लेख गर्दैस्रोतकेन्द्रले संचालन गर्ने छोटो अवधिका तालिमबाट पनि शिक्षकमा अपेक्षित सीप विकास भएका छन् । तालिम पछि हुने कक्षा अवलोकनबाट पनि त्यो पुष्टी भएको पाइन्छ । सबै भन्दा महत्वपूर्ण विषयवस्तु त शैक्षिक सामग्री निर्माण सम्बन्धी स्रोतकेन्द्रले संचालन गरेको तालिम पछि शिक्षकहरुको स्थानिय स्तरमा पाइने सामग्रीको प्रयोगबाट बनाएका शैक्षिक सामग्री दैनिक कक्षा शिक्षणमा प्रयोग भएका छन् । प्र.अ. को उक्त प्रतिक्रियामा आफ्नो विषयवस्तु थप्दै सोही विद्यालयका मा.वि. तहका एकजना शिक्षकको प्रतिक्रिया यस्तो रहन गएको पाइन्छ । स्रोतकेन्द्रले संचालन गर्ने तालिमले शिक्षकको पेशागत दक्षता वृद्धिमा सहयोग गरेको छ तर यो प्रयाप्त मात्रामा छैन , आवश्यक परेजति तालिम संचालन गर्न सक्नु पर्दछ । शिक्षकले माथि प्रस्तुत गरेको समस्याका संर्दभमा स्रोतव्यक्तिको प्रतिक्रिया यस्तो रहयो की स्रोतकेन्द्रको साधन र स्रोतको कमिका कारण शिक्षकहरुले माग गरे बमोजिम तालिम संचालन गर्न नसकेको पाइन्छ ।

माथिको प्रतिक्रियाबाट के प्रष्ट हुन्छ भने स्रोतकेन्द्रले संचालन गर्ने तालिमबाट शिक्षकले अपेक्षित सीप सिकी कक्षाकोठामा समेत उक्त सीपको प्रयोग गरेको र यस शिक्षकको पेशागत दक्षता विकासमा सहयोग गरेको पाइन्छ । शिक्षकले कक्षा शिक्षणका क्रममा आफ्नो विषयमा व्यवसायिक दक्षता हासिल गर्न समेत सहयोग रहेको पाइन्छ । स्रोतकेन्द्रको समिति स्रोतसाधनको कारण शिक्षकले माग गरे बमोजिमका सबै तालिम कार्यक्रम संचालन गर्न असमर्थ रहेको पाइन्छ ।

### ४.२.४ परीक्षा संचालन र मूल्याङ्कनमा पुगेको सहयोग

स्रोतकेन्द्रको वार्षिक शैक्षिक कार्यतालिका अनुसार त्रैमासिक , अर्धवार्षिक र वार्षिक परीक्षा संचालन गरी विद्यार्थी मूल्याङ्कन गर्न तथा स्रोतकेन्द्र भित्रका विद्यालयका परीक्षामा एकरुपता कायम गरी सहयोग गरेको पाइन्छ । जिल्ला स्तरमा संचालन हुने वाहेकका अर्धवार्षिक र वार्षिक परीक्षाको प्रश्नपत्र निर्माण तथा उत्तर पुस्तिका परीक्षण गरी नतिजा प्रकाशन गर्ने कार्यमा स्रोतकेन्द्रले सघाउने गरेको विषयवस्तु स्रोतकेन्द्रको अभिलेखमा पाइन्छ । स्रोतकेन्द्रले गरेको सहयोगको बारेमा शिक्षकको प्रतिक्रिया यस्तो रहेको पाइन्छ । परीक्षा संचालन गर्न स्रोतकेन्द्रले शिक्षकहरुलाई सहयोग गरेको पाइन्छ यसबाट विद्यार्थीहरुको उपलब्धि मूल्याङ्कनमा पनि सहयोग मिलेको छ । यस स्रोतकेन्द्र भित्रका समान कक्षाका विद्यार्थीको उपलब्धी मापनमा एकरुपता आएको देखिन्छ । माथिका उपर्युक्त प्रतिक्रियामा समर्थन गर्दै १५ वर्ष देखि लगातार स्रोतकेन्द्रका सबै विद्यालयमा एकै प्रकारका परीक्षाद्धारा विद्यार्थी मूल्याङ्कन गरिन्छ । प्रश्नपत्र निर्माणमा एकरुपता कायम गर्न प्रश्नपत्र निर्माणका समयमा विषय समितिले धेरै मेहनत गरेर प्रश्नपत्रमा हुने त्रुटिलाई न्युनिकरण गर्न गरेको पाइन्छ । प्रश्नका कठिनाई स्तरमा समान बनाएकोले समूह विद्यालयका कक्षाका विद्यार्थीहरुको उचित मूल्याङ्कन हुने गर्दछ । यी भनाइहरुबाट पनि प्रष्ट हुन्छ की यस स्रोतकेन्द्रले व्यवस्थापन गर्न परीक्षाले समूह विद्यालयको परीक्षा संचालन र मूल्याङ्कन प्रणालीमा सहयोग पुगेको पाइन्छ । स्रोतकेन्द्रले विषय शिक्षण समिति परिचालन गरी परीक्षाको तयारी प्रश्नपत्र तथा उत्तर कुञ्जिका निर्माण गर्ने कार्यले समूह विद्यालयका शिक्षक तथा विद्यार्थीलाई सहयोग पुगेको पाइन्छ भने विद्यार्थी मूल्याङ्कनमा एकरुपता आएको पाइन्छ ।

### ४.२.५ सामुहिक भावनाको विकास र अनुभवको आदानप्रदान

शिक्षणसिकाईलाई प्रभावकारी बनाउन विद्यालयमा आवश्यक रुपमा रहेको विद्यालय शिक्षणमा सुधार गर्न आवश्यक हुन्छ । विद्यालय प्र.अ. , शिक्षक , विद्यालय व्यवस्थापन समितिको सामुहिक प्रयासले नै शिक्षणसिकाईलाई उद्देश्य मुलक बनाउन सकिन्छ। यस्का लागि आपसी सहकार्य गर्न आवश्यक मानिन्छ। स्रोतकेन्द्रले समूह विद्यालय शिक्षक तथा विद्यालय व्यवस्थापन समिति संग समन्वय गरी कार्यसम्पादन गरेको पाइन्छ । स्रोतकेन्द्रको परिवेक्षणमा विद्यालयहरुलाई सहयोग पुगेको बारेमायस स्रोतकेन्द्रबाट भित्री आवद्ध रहेका प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई यस स्रोतकेन्द्रमा हुने भेला बैठक तथा अर्न्तक्रियाले हामी एकै परिवारका हौं भन्ने भावनाको विकास भई अनुभवका आदन प्रदान भएको महसुस हुन्छ यति मात्र होइन प्र.अ., शिक्षक तथा विद्यालय व्यवस्थापन समितिको बिच एक आपसमा अनुभवहरुको आदन प्रदानले शिक्षण सिकाइ र विद्यालय व्यवस्थापनमा सहयोग पुगेको पाइन्छ ।

माथिको भनाइमा आफ्ना समर्थन जनाउँदैस्रोतकेन्द्र मार्फत सबै विद्यालयका शिक्षक प्र.अ. विद्यालय व्यवस्थापन समितिका एकै ठाँउमा भेला भएर एक अर्काको अनुभवको साटासाट गर्न पाइएको छ अब विषय समितिमा आ-आफ्ना विषयका विषयवस्तुको छलफल हुन्छ यसबाट शिक्षण गरी शिक्षकहरुको निष्कर्ष दिन सक्नु पर्छ ।

उपर्युक्त भनाइबाट पनि प्रष्ट हुन्छ की यस स्रोतकेन्द्रका विद्यालय शिक्षक प्र.अ. विद्यालय व्यवस्थापन समिति बिच सामुहिक भावनाको विकास भई एक आपसमा अनुभवको आदन प्रदान गर्न स्रोतकेन्द्रले ठूलो सहयोग पुर्‍याएको पाइन्छ । शिक्षक शिक्षक बिच एक आपसमा पेशागत अनुभवको आदन प्रदान भई शिक्षकको दैनिक कक्षा शिक्षणमा देखिएका समस्या समाधान गर्न र शिक्षकको मनोवल बढाउन समेत स्रोतकेन्द्रको समन्वयकारी भुमिकाले सहयोग गरेको देखिन्छ । स्रोतकेन्द्रको सहयोगल विद्यालयका स्थानिय सरोकारहरुलाई भएको अनुभुत गराउन समेत सफल भएको पाइयो ।

समग्रमा स्रोतकेन्द्रले प्रदान गर्न सुपरिवेक्षण सेवाबाट समूह विद्यालयहरुलाई सहयोग पुगेको पाइन्छ । स्रोतकेन्द्रको नेतृत्वमा तयार भएको स्रोतकेन्द्र स्तरिय शैक्षिक क्यालेण्डरले स्रोतकेन्द्र भरिको एकै प्रकारको शैक्षिक कार्यक्रम लागु गर्न सहयोग पुगेको पाइयो यसबाट शिक्षकहरुलाई वार्षिक कार्ययोजना एकाई योजना तथा दैनिक पाठयोजना निर्माण तथा कार्यान्वयन गर्न सहयोग पुगेको पाइन्छ भने विद्यालयका अन्य कार्यक्रमहरु व्यवस्थित गर्न सहयोग पुगेको पाइन्छ । शिक्षकको कक्षा शिक्षणको अवलोकनबाट पहिचान भएका शिक्षकको कमी कमजोरी सुधार गर्न सुपरिवेक्षण वा विषयविज्ञबाट हुने नमूना पाठप्रर्दशन पछि शिक्षकहरुमा सकारात्मक धारणाको विकास भएको र समस्या समाधानमा सहयोग पुगेको पाइन्छ । स्रोतकेन्द्रले संचालन गर्ने छोटो अवधिको शिक्षक तालिम पाए पछि शिक्षकहरुमा नयाँ शिक्षण सीपको विकास भई शिक्षकको पेशागत दक्षतामा वृद्धि भएको पाइन्छ । स्रोतकेन्द्रले समूह विद्यालयका विद्यार्थीको मूल्याङ्कन गर्न परीक्षा व्यवस्थापनमा गरेको सहयोगले शिक्षकहरुलाई सहयोग पुगेको पाइन्छ । त्यस्तै गरेर स्रोतकेन्द्रको नेतृत्वदायी र समन्वयकारी सहयोग गरेको देखिन्छ स्रोतकेन्द्रको सहयोगले विद्यालयका स्थानिय सरोकारवालालाई जिल्ला शिक्षा कार्यलयको उपस्थित स्रोतकेन्द्र मार्फत हर समय विद्यालयमा भएको अनुभव गराउन समेत सफल भएको पाइन्छ ।

## ४.३ स्रोतकेन्द्रले विद्यालय सुपरीवेक्षण व्यवस्थापनमा पारेको प्रभाव

विद्यालय सुपरिवेक्षणले विद्यालयकै प्रशासनिक वा व्यवस्थापकिय पक्षमा पारेको प्रभावलाई उद्यृत गर्दै विद्यालयको भौतिक आर्थिक र प्रशासनिक समस्याहरुको प्रभाव सम्बन्धी निकायहरुमा पुऱ्याउने र शिक्षकका दैनिक कक्षा शिक्षणमा देखिएका समस्या हल गर्नमा सहयोग गरेको पाइन्छ । स्रोतकेन्द्रको स्थापना प्रशासनिक कार्यमा भन्दा पनि व्यवस्थापकिय कार्यमा बढि केन्द्रित रहेको पाइयो । स्रोतकेन्द्रले विद्यालयको सुपरिवेक्षमा गरिएको अध्ययन सम्बन्धमा कुनै कार्य गर्नु अघि उक्त काम कहिले गर्ने, कस्ले गर्ने, किन गर्ने आदिको विषयवस्तुको पूर्व निर्धारण गर्न आवश्यक हुन्छ । शैक्षिक सत्रको सुरुमा समूह विद्यालयका प्र.अ. को बैठक राखेर स्रोतकेन्द्र स्तरीय वार्षिक कार्ययोजना बनाइ शैक्षिक क्यालेण्डर तयार पारेको हुन्छ ।

उक्त शैक्षिक क्यालेण्डरमा विद्यार्थी भर्ना वार्षिक पाठयोजना निमार्ण त्रमासिक, अर्धवार्षिक, वार्षिक परीक्षा सञ्चालन, अतिरिक्त क्रियाकलाप प्र.अ. विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरुको बैठकमा गरिने विषयवस्तुहरुको क्रियाकलाप समावेश गरिनु पर्दछ । स्रोतकेन्द्र भित्रका विद्यालयहरुलाई शैक्षिक नेतृत्व प्रदान गर्न आफ्ना क्षेत्र भित्रका विद्यालयहरुको कार्यसम्पादन मूल्याङ्कन गरी नियन्त्रण गर्ने जस्ता कार्यहरु पनि पर्दछन् ।

स्रोतकेन्द्रले विद्यालय नियमित भ्रमण गर्नु, शिक्षकको कक्षा शिक्षणको अवलोकन गर्ने, शिक्षकहरुलाई शैक्षिक सामग्री निमार्ण सम्बन्धी तालिम दिने, स्रोतकेन्द्र भरिको एउटै वार्षिक कार्ययोजना बनाई सञ्चालन गर्नु पर्दछ । शिक्षकहरुको लागि तालिम सञ्चालन गर्नु अति आवश्यक मानिन्छ । स्रोतकेन्द्र भित्रका विद्यालयहरुमा शैक्षिक व्यवस्थापकिय र प्रशासनिक पक्षहरुको कार्यसम्पादन मूल्याङ्कन गरी नियन्त्रण गर्ने जस्ता कार्यहरु यस तोपगाछी स्रोतकेन्द्रले गरिएको पाइयो ।

## ४.४. स्रोतकेन्द्रले विद्यालय सुपरीवेक्षण गर्दा आईपरेका समस्याहरु

यस सोध अध्ययनका क्रममा छनोटमा परेका तोपगाछी स्रोतकेन्द्रको स्थलगत अवलोकन र नमूना जनसंख्याबाट प्राप्त प्राथमिक र सहायक तथ्याङ्कको सहयोगमा यस स्रोतकेन्द्रले भोग्नु परेका समस्याको पहिचान गरिएको छ । स्रोतव्यक्तिसंग गरिएको सूचना अर्न्तवार्तामा स्रोतले भोग्नु परेका समस्याका बारेमा स्रोतव्यक्तिको प्रतिक्रिया यस्तो थियो - “स्रोतव्यक्तिको छनोट स्रोतकेन्द्र भरिका प्र.अ. को सिफारिसमा हुने हुँदा हामी काम गर्न पूर्ण स्वतन्त्र छैनौं भने स्रोतकेन्द्रको संचालन र स्रोतव्यक्तिको काम कर्तव्य र अधिकार शिक्षा ऐन नियमावलीमा प्रष्ट उल्लेख नभएकाले काममा दुविधा उत्पन्न हुन्छ । स्रोतकेन्द्रको योजना बनाउन हामी स्वयावत् छैनौं किनकी त्यो योजना जिल्लामा हुने जि.शि.अ. , वि.नि.को मासिक वैठकले बनाउँदछ ।”

उपर्युक्त प्रतिक्रियाबाट के देखिन्छ भने स्रोतव्यक्तिको छनोटको सिफारिस प्र.अ.ले गर्ने हुँदा सोही प्र.अ. लाई स्रोतव्यक्तिले काम लगाउन समस्याहुने तथा स्रोतकेन्द्र संचालन गर्न नियमावली नभएकाले स्रोतकेन्द्र योजना निर्माण र कार्यान्वयनमा प्रष्ट नभएको देखियो । एक जना विद्यालय व्यवस्थापन समितिको अध्यक्षले स्रोतकेन्द्रको समस्याकाबारेमा यस्तो प्रतिक्रिया रहेको देखिन्छ । स्रोतकेन्द्रले विद्यालयको सुपरिवेक्षणमा धेरै काममा हात हालेको तर थोरैलाई मात्र पूर्णता दिन सक्नु मुख्य समस्याको रुपमा रहेको छ । स्रोतकेन्द्रको कार्यक्षेत्र कति हो सो प्रष्ट गरेर विद्यालयको शिक्षण सिकाइमा प्रत्यक्ष सहयोग पुग्ने काममा मात्र ध्यान केन्द्रित गर्न सक्नु पर्छ । यसो गर्न सके शिक्षकहरुको दैनिक कक्षा शिक्षणमा

देखिएका समस्याका हल गर्न सहयोग पुग्दछ । यी माथिका कथन अनुसार स्रोतकेन्द्रले विद्यालय सुपरिवेक्षणको क्रममा विद्यालयको प्रशासनिक पक्षमा ध्यान दिइएकोले शिक्षक र समस्या समाधान गर्ने खालको उपचारात्मक सुपरिवेक्षण हुन नसकेको देखिन्छ । स्रोतकेन्द्र मार्फत विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरुलाई सोधकर्ताको आँखाबाट तथा विभिन्न व्यक्तिहरुको प्रतिक्रियाको आधारमा निम्न लिखित उप शिर्षकहरुमा विश्लेषण गरेको छ ।

### ४.४.१ प्रशासनिक पक्षको सुपरिवेक्षणमा समयको अभाव

स्रोतकेन्द्रको मुख्य उद्देश्य विद्यालयको शिक्षण सिकाइलाई सहजिकरण गर्नु हो भने मुख्य रुपमा शिक्षकहरुलाई शिक्षण सिकाइमा प्रत्यक्ष रुपले फाइदा पुग्ने गतिविधि स्रोतकेन्द्रको प्राथमिकतामा पर्नु पर्ने हो तर यस अध्ययनमा , यस अगाडि भएका अध्ययनको जस्तै स्रोतकेन्द्रले शैक्षिक भन्दा प्रशासनिक पक्षको सुपरिवेक्षणमा धेरै समय लागेको पाइयो । विद्यालयका प्र.अ. शिक्षक तथा अभिभावकले नै प्रशासकिय सहयोगको अपेक्षा बढि मात्रमा गर्ने हुँदा पनि स्रोतकेन्द्रको समग्र सुपरिवेक्षण शैक्षिक पक्षमा केन्द्रित हुन सकेको देखिदैंन ।

### ४.४.२ स्रोतकेन्द्र संचालनमा नितिगत व्यवस्थापनमा कमी

स्रोतकेन्द्रका स्रोतव्यक्तिको छनोटको सिफारिस सोही स्रोतकेन्द्रका समूह विद्यालयका प्रधानाध्यपकहरुले गर्ने हुँदा ती प्रधानाध्यापकहरुलाई स्रोतव्यक्तिले काम लगाउने समस्या आउने गरेको पाइयो । स्रोतव्यक्तिका काम कर्तव्य र अधिकार स्पष्ट संग शिक्षा ऐन तथा नियमावलीमा उल्लेख नभएकाले स्रोतकेन्द्रले विद्यालय सुपरिवेक्षणमा कुन पक्षलाई प्राथमिकता दिने भन्ने विषयमा स्रोतव्यक्तिहरुको अन्योलमा अस्पष्ट रहेको पाइयो ।

### ४.४.३ विद्यालयले माग गरे जति सेवा प्रदान गर्न नसक्नु

स्रोतकेन्द्रले समूह विद्यालयका शिक्षकले माग गरे बमोजिम तालिम , कक्षा अवलोकन , नमूना पाठप्रर्दशन जस्ता कार्यक्रम संचालन गर्न सकिएको पाइएन । स्रोतकेन्द्रको सिमित स्रोत र साधनको कारण विद्यालयले माग गरे बमोजिमका सुपरिवेक्षण सेवा प्रदान गर्न नसकेको पाइयो । यसबाट प्राथमिकतामा रहेका कार्यक्रमहरु संचालन गर्न नसकिएको देखाएको छ ।

### ४.४.४ विद्यालयको भ्रमण र कक्षा अवलोकन पूर्व योजना बनाउन नसक्नु

विद्यालय भ्रमण गर्दा कहिले गर्ने कसरी गर्ने कुन कुन पक्षको अवलोकन गर्ने भन्ने बारेमा सुपरिवेक्षणले भ्रमण पूर्व योजना बनाउनु पर्दछ । त्यस्तै कक्षा शिक्षणको अवलोकन गर्दा समय स्थान तथा शिक्षकका कुन कुन पक्षको अवलोकन गर्ने भन्ने विषयमा शिक्षक र सुपरिवेक्षण बसेर शिक्षकको कक्षा शिक्षणको अवलोकनको पूर्व योजना बनाउनु पर्दछ । स्थलगत भ्रमणका क्रममा यस स्रोतकेन्द्रमा सुपरिवेक्षकले विद्यालय भ्रमणको पूर्व योजना बनाउने गरेको पाइएन भने शिक्षकको कक्षा शिक्षणको अवलोकन पूर्व पनि योजना बनाउने सकिएन ।

### ४.४.५ स्रोतकेन्द्र योजना निर्माणमा स्वयत्तता हुनु नसक्नु

स्रोतकेन्द्र मार्फत विद्यालय सुपरिवेक्षणको योजना जिल्ला शिक्षा कार्यलयमा प्रत्येक महिनाको ५ गते जिल्ला शिक्षा कार्यलय विद्यालय निरिक्षक स्रोतव्यक्तिको वैठकले तय गर्ने हुँदा स्रोतकेन्द्रले आफ्नो क्षेत्र भित्र आवश्यक विद्यालय सुपरिवेक्षणका कार्यक्रमहरु पारित गराउन नसक्ने गरेको पाइयो । यसले स्रोतकेन्द्रहरु विद्यालय सुपरिवेक्षणको योजना निर्माण स्वयत्तता नरहेको देखिन्छ , जसबाट पहिचान भएका कार्यक्रमहरुलाई समेत योजनामा पार्न नसकिएको देखिन्छ ।

## ४.५ समाधानका उपायहरु

- स्रोतकेन्द्र मार्फत विद्यालय सुपरीवेक्षणमा नीतिगत व्यबस्था कायम गर्नु ।
- स्रोतकेन्द्रले विद्यालय सुपरीवेक्षणमा गरीने प्रशासनीक पक्षको बढीजोड दिनुपर्छ ।
- स्रोतकेन्दलद्वारा विद्यालय सुपरीवेक्षणमा शिक्षकहरुलाई शिक्षण केन्दीत राखि तालीम दिने व्यवस्था गर्नु पर्छ ।
- स्रोतकेन्द्रले दिने तालीम शिक्षकको पेसाग तालीमको व्यबस्था भएको हुनुपर्दछ ।
- स्रोतकेन्द्रले सहि समयमा विद्यालयको सुपरीबेक्षण गरी शिक्षकको शिक्षण सिकाइ प्रकृयालाइ सुद्रिढ गर्नु पर्दछ ।
- स्रोतकेन्द्र मार्फत बिद्याय सुपरीवेक्षण गर्द विद्यालयहरुमा वैठक भेला अर्न्तक्रियात्मक कार्यक्रम, सेमिनार जस्ता कार्यक्रहरु तयार गर्नुपर्छ ।
- स्रोतकेन्द्रले विद्यलय सुपरीवेक्षणमा नीतिगत तह, अभ्यास तह, अनुसन्धान गरी समस्याको समाधान गर्न सकिन्छ ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझाव

परिच्छेद चारमा गरिएको नतिजाको विश्लेषणबाट प्राप्त जानकारीका आधारमा निष्कर्ष निकालिएको छ । अध्ययनका क्रममा प्राथमिक र सहायक स्रोतबाट प्राप्त तथ्याङ्कको आधार नतिजाको विश्लेषणबाट प्राप्त निष्कर्ष र प्राप्तिलाई मध्य नजर गर्दै नितिगत तह , अभ्यास तह र अनुसन्धान तहका लागि स्रोतकेन्द्र मार्फत विद्यालय सुपरिवेक्षणलाई अझ प्रभावकारी बनाउन आवश्यक सुझाव समेत प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष

स्रोतकेन्द्र मार्फत विद्यालय सुपरिवेक्षणको प्रभाव सकारात्मक रहेको पाइयो । स्रोतकेन्द्रले गर्ने नियमित सुपरिवेक्षण र अनुगमनबाट समूह विद्यालयका शिक्षकको शिक्षण कार्यमा सहयोग पुगेको पाइन्छ । स्रोतकेन्द्रले प्रशासनिक तथा शैक्षिक दुवै कार्यमा विद्यालयहरुलाई सहयोग गरेको पाइयो । स्रोतकेन्द्रले योजना , संगठन , निर्देशन , समन्वय र नियन्त्रण जस्ता प्रशासनिक कार्य र विद्यालयको स्थलगत भ्रमण , कक्षा अवलोकन , छोटो अवधिको तालिम , नमूना पाठ प्रर्दशन , परीक्षा निर्माण र मूल्याङ्कन जस्ता शैक्षिक कार्यमा सहयोग गरेको पाइयो । त्यस्तै स्रोतकेन्द्रले समूह विद्यालयमा प्र.अ. शिक्षक विद्यालय व्यवस्थापन समिति पदाधिकारीको छुट्टा छुट्टै तथा संयूक्त वैठक भेला तथा अर्न्तक्रिया आयोजना गर्ने गरेको पाइयो ।

स्रोतकेन्द्रले संचालन गर्ने तालिमले शिक्षकहरुमा अपेक्षा गरिएका सीपको विकास भएको र तालिम पछिको पक्ष अवलोकनबाट उक्त सीप कक्षाकोठा शिक्षणमा प्रयोग भएको पाइयो । शैक्षिक सामग्री निर्माण तालिम लिए पछि शिक्षकले स्थानिय स्तरमा उपलब्ध साधन र स्रोतको प्रयोग गरी शैक्षिक सामग्री निर्माण र त्यस्को प्रयोग गरेको पाइयो । स्रोतकेन्द्रको पहलमा पहिचान भएका जटिल र नयाँ पाठहरुको शिक्षण गर्ने वेला वेलामा विषयविज्ञबाट नमूना पाठ प्रर्दशन भएका र ती नमूना पाठ प्रर्दशनबाट शिक्षकमा नयाँ शिक्षण सीपको विकास भई कक्षा शिक्षणमा सहयोग पुगेको पाइयो ।

स्रोतकेन्द्रको अगुवाईमा यस स्रोतकेन्द्र भरीका विद्यालयमा परीक्षा सञ्चालन मूल्याङ्कन प्रक्रिया प्रणालीमा एक रुपता कायम भएको पाइयो । त्यस्तै गरेर स्रोतकेन्द्रमा संञ्चालन हुने समूह विद्यालयका प्र.अ. शिक्षक तथा विद्यालय व्यवस्थापन समितिको पदाधिकारीहरुको वैठक , भेला , अर्न्तक्रिया तथा छलफलले समूह विद्यालय विच एक आपसमा सामूहिक भावनाको विकास भई अनुभवको आदन प्रदान भएको पाइयो । स्रोतव्यक्तिका काम कर्तव्य र अधिकार ऐन नियमावलीमा प्रष्ट उल्लेख नभएकाले कहिले काहीँ काम गर्ने दुविधा हुने गरेको पाइयो ।

स्रोतव्यक्तिको छनोटको सिफारिसमा समूह विद्यालयका प्र.अ.ले गर्ने हुदाँ स्रोतव्यक्तिले प्र.अ.को कामको अनुगमन गर्ने समस्या विद्यालयको स्थलगत भ्रमण हुने गरेको पाइयो । स्रोतव्यक्तिलाई कार्यलय काममा सहयोग गर्ने सहयोगीको अभावमा फिल्डमा गएको बेला कार्यलय बन्द गर्नु पर्ने अवस्था आएको पाइयो । साधन र स्रोतको कमिले पहिचान भएर माग भएका कतिपय कार्यक्रमहरु संचालन गर्न नसकिएको पाइयो ।

स्रोतव्यक्ति विद्यालयको सुपरिवेक्षणमा जाँदा शिक्षकसंग बसेर अवलोकनको पूर्व योजना बनाउने गरेको पाइएन । विद्यालयका प्र.अ. शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीले स्रोतकेन्द्रबाट प्रशासकिय पक्षको सहयोग

अपेक्षा बढि गरेको पाइयो यस कारण स्रोतकेन्द्र मार्फत हुने विद्यालय सुपरिवेक्षण समग्रमा प्रशासकिय पक्षमा नै बढि केन्द्रित देखियो ।

स्रोतकेन्द्र भित्रका विद्यालयका प्र.अ.शिक्षक विद्यालय व्यवस्थापन समिति तथा सरोकारवालाहरु सँग समन्वय गरेर विद्यालयका शिक्षण सिकाइ कार्यमा आवश्यक पर्ने देखीन्छ । समुह विद्यालयका प्र.अ. शिक्षक, विद्यालय व्यव्स्थापन समिति पदाधिकारीको संयुक्त र छुट्टाछुट्टै बैठक भेला अर्न्तक्रिया गराइ वार्षिक कार्ययोजाना निर्माण, वाषिक पाठ्योजना निर्माण परीक्षा सञ्चालन तथा दैनिक शिक्षण सिकाइ कार्यमा समेत समन्वय गरी सोतकेन्द्र भरी एकै किसिमको शैक्षिक कार्यक्रम सञ्चालन तथा दैकि शिक्षण सिकाइ कार्यमा समेत समन्वय गरी स्रोतकेन्द्र भरि एकै किसिमको शैक्षिक कार्यक्रम सञ्चालन गरेको पाइन्छ । आवश्यकता अनुसार शिक्षक प्र.अ.तथा विद्यालय व्यवस्थापन समितिको पदाधिकारीसँग अर्न्तक्रिया गरेको पाइन्छ ।

स्रोतकेन्द्रले हरेक महिनाको ७ गते स्रोतकेन्द्र भरिका प्र.अ.को वैठक रान्ने गरेको पाइयो । नमुना पाठ प्रर्दर्शन वाट शिक्षकमा अपेक्षित सीप विकास हुने गरेको बिषय बस्तुमा शिक्षक तथा प्र.अ समेत रहेको पाईन्छ । यसवाट के देखिन्छ भने सुपरीवेक्षकले गराउने नमुना पाठ प्रर्दशनवाट शिक्षकमा अपेक्षित सीप विकास हुने गरेको कुरामा शिक्षक तथा प्र.अ.को सहमती रहको पाइयो।यसै सर्न्दभमा यसवाट के प्रस्ट देखीन्छ भने सुपरिवेक्षकले गराउने नमुना पाठ प्रर्दशनले शिक्षकहरुलाइ शिक्षण गर्न सजिलो हुन्छ ।

यद्यपि यस्ले शैक्षिक पक्षमा पनि सहयोग गरेको देखिन्छ समग्रमा स्रोतकेन्द्रको स्थापनाले समूह विद्यालयहरुले नजिकबाट सुपरिवेक्षण सेवा पाइरहेको देखियो । विद्यालयका प्र.अ. शिक्षक अभिभावकहरुलाई जि.शि.का. को उपस्थित स्रोतकेन्द्रबाटै भएको भन्ने अनुभुति गराउन समेत स्रोतकेन्द्र सफल भएको पाइयो । स्रोतकेन्द्रको सुपरिवेक्षण सेवाबाट समूह विद्यालयका प्रधानाध्यापक , शिक्षक , विद्यालय व्यवस्थापन समितिलाई आवश्यक सहयोग प्राप्त भई त्यसले विद्यालयको दैनिक शिक्षण सिकाइमा सहजता आएको पाइयो ।

## ५.२ सुझाव

स्रोतकेन्द्र मार्फत विद्यालय सुपरिवेक्षण शिर्षकमा तयार गरिएको प्रस्तुत स्रोत अध्ययनको नतिजाको विश्लेषणबाट प्राप्त निष्कर्षको आधारमा नितिगत तहमा कस्तो नितिको आवश्यकता छ । अभ्यास तहमा थप के गर्नु पर्छ र यस विषयमा थप अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताले के गर्नु पर्छ भनी अनुसन्धान तहलाई समेत गरी तीन वटै तहलाई सुधार पेश गरिएको छ ।

### ५.२.१ नीतिगत तह

स्रोतकेन्द्रका कतिपय काममा प्रष्ट नितिको अभावमा स्रोतव्यक्तिलाई कार्यसम्पादन गर्न गाऱ्हो भएको तथ्यलाई मध्यनजर गर्दै स्रोतकेन्द्रमा मार्फत हुने विद्यालय सुपरिवेक्षणलाई सहज बनाउन निति निर्माण तहमा रहेका निति निर्माताका लागि सुझाव प्रस्तुत गरिएको छ । स्रोतव्यक्तिको छनोट समूहका प्र.अ. को सिफारिसमा हुने कारण स्रोतव्यक्तिले विद्यालयका प्र.अ. लाई काम लगाउन नितिगत अप्ठारो रहेको पाइएकाले स्रोतव्यक्तिको छनोट सेवा आयोगबाटै गर्ने सरकारले निति बनाउनु पर्ने देखिन्छ ।

स्रोतकेन्द्र भरिका बिद्यालयहरुमा विद्यार्थीको मुल्याङ्कन गर्न एकै किसिमको परीक्षा लिनुपर्दछ । जिल्लास्तरीय बाहेकका अर्धवार्षिक र वार्षिक परीक्षाको प्रश्नपत्र निर्माण तथा छपाइ स्रोतकेन्द्रकै नेतृत्वमा हुने गरको पाइन्छ । स्तरीय प्रश्नपत्र वनाउन र मर्यादित परीक्षा सञ्चालन गर्न स्रोतकेन्द्रले नेतृत्वदायी भूमिका खेलेको पाइन्छ । स्रोतकेन्द्रले विद्यालय भित्रका प्र.अ. शिक्षक तथा बिद्यालय ब्यवस्थापन समितिका पदाधिकारीहरुलाइविभिन्न किसिमका छोटो अवधिका तालिम दिने गरेको पाइन्छ । स्रोत केन्द्रको अभिलेख अनुसार मागमा आधारीत शिक्षक तालिम प्र.अ. तालिम, शिक्षण प्रशिक्षण तालिम, शैक्षिक सामग्री निर्माण तालिम , विद्यालय व्यवस्थापन तालिम पाठ्यक्रम प्रवोधिकरण जस्ता तालिमहरु सञ्चालन हुने गरेको पाइन्छ ।

स्रोतकेन्द्रले विद्यालय सुपरिवेक्षणमा कुन कुन कक्षालाई प्राथमिकता दिने भन्नेमा स्रोतव्यक्तिहरु अन्योलमा रहेको पाईएको छ । स्रोतव्यक्तिको काम, कर्तव्य र अधिकार शिक्षा नियमावली र ऐनमा स्पष्ट उल्लेख नभएको पाइएकाले नितिगत तहबाट आवश्यक नियम बनाउनु पर्ने देखिन्छ । स्रोतकेन्द्रले साधन र स्रोत कमिका कारण विद्यालयले माग गरे बमोजिमका सबै कार्यक्रमहरु संचालन गर्न नसकेको पाइएकाले स्रोतकेन्द्र संचालन गर्न सकिएकै छैन । स्रोतकेन्द्र संचालन तथा व्यवस्थापन गर्न नियमित आर्थिक स्रोतको व्यवस्था गर्न केन्द्रिय तहबाट आवश्यक व्यवस्था गर्नु पर्ने देखिन्छ ।

### ५.२.२ अभ्यास तह

अभ्यास तह भनेको नितिको कार्यान्वयन गर्ने सबै भन्दा प्रमुख तह हो । जस्तो सुकै निति बनेपनि अभ्यास तहबाट यस्को कार्यान्वयनमा संवेदशिलता देखाइएन भने त्यो निति नै असफल हुने तथ्यलाई मध्यनजर गर्दा स्रोतकेन्द्र मार्फत विद्यालय सुपरिवेक्षणलाई थप प्रभावकारी बनाउन अभ्यास तहका लागि निम्न सुझाव प्रस्तुत गरिन्छ । स्रोतव्यक्तिले प्रधानाध्यापक तथा शिक्षकहरुबाट प्रस्तुत गरिएका शैक्षिक, आर्थिक तथा प्रशासनिक समस्याहरु समाधानका लागि उनीहरुसँग नजिकको सम्बन्ध कायम राख्दै सहजिकरण गर्ने प्रयत्न गर्नुपर्दछ। खासगरी शिक्षण सिकाइ कार्यमा स्रोत व्यक्तिले सहजीकरण गर्नुपर्दछ । शिक्षक,अभिभावक तथा स्रोतव्यक्तिबाट आपसी समन्वय गरी शैक्षिक समस्याको समाधानबाट दैनिक विद्यार्थी पठनपाठनमा सहजता ल्याउन सकिन्छ ।

स्रोतव्यक्तिले विद्यालयको स्थलगत भ्रमणमा जाँदा र कक्षा अवलोकन गर्दा शिक्षकसंग बसेर अवलोकन पूर्व योजना बनाउन ध्यान दिनु पर्ने हुन्छ । उपचारात्मक सुपरिवेक्षणमा जस्तो शिक्षक र सुपरिवेक्षण संगै बसेर शिक्षण योजना तथा कक्षा अवलोकन शिक्षकका राम्रा र कमजोर पक्षको जानकारी भई त्यस्मा सुधार गर्न सकिन्छ । समूह विद्यालयका माध्यमिक तहका १५ वर्ष भन्दा वढि अनुभव भएका विषयलाई समेत शिक्षकको रुपमा प्रयोग गरी शिक्षक तालिम र अवलोकन तथा नमूना पाठ प्रर्दशन गर्ने कार्यमा स्रोतव्यक्तिले प्रयोग गर्नु पर्ने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तह

यस अध्ययनका क्रममा देखिएका समस्यालाई यो शोधपत्र अध्ययनले समेट्न नसकेका निम्न विषयहरुमा अनुसन्धानकर्ताले थप अनुसन्धान गर्न रहेको देखिन्छ । वर्तमान समयमा विद्यालय सुपरिवेक्षमा स्रोतकेन्द्रको योगदान र त्यसलाई अझ अधिकार साधन स्रोतको सम्पन्न बनाइ प्रशासनिक स्थतरको स्थायी सुपरिवेक्षण एकाईको रुपमा विकास गर्न आवश्यक देखिएकोले यस सम्बन्धमा थप अनुसन्धान गर्न सकिन्छ । शिक्षकका सिकाइ समस्या हल गर्न उपचारात्मक सुपरिवेक्षणलाई स्रोतकेन्द्रका मार्फत कसरी प्रयोग गर्न सकिन्छ भन्ने स्रोतकेन्द्र मार्फत विद्यालय सुपरिवेक्षणका क्रममा थप अनुसन्धान गर्न चाहने व्यक्तिले समेत देशभरिका विद्यालय तथा स्रोतकेन्द्रको प्रतिनिधित्व हुने गरी ठूलो नमुना लिएर थप अध्ययन गर्न सकिन्छ ।

स्रोतव्यक्ति काम, कर्तव्य र अधिकार तथा सेवा कार्यक्रम सर्तहरुमा रहका विषयवस्तुहरुमा शैक्षिक सेवा सुविधा एंवम सूचना सेवा प्रदान गर्ने गराउने , स्रोतव्यक्तिले स्रोतकेन्द्र र समूह विद्यालयहरुमा शिक्षक सहयोग सम्बन्धी प्राविधिक सहयोग र स्रोतकेन्द्र स्तरमा क्षमताको अभिवृद्धि गर्न सहजकर्ताको भुमिका निर्वाह गर्ने गरेको पाइन्छ । शैक्षिक निति निर्देशन पालना गर्ने गराउने तथा जिल्ला शिक्षा योजना गाँउ शिक्षा योजना र विद्यालय सुधार योजना निर्माणमा सक्रिय भुमिका निर्वाह गरेको देखिन्छ । स्थानिय निकायलाई शिक्षाको योजना निर्माण गर्न तथा सो कार्यान्वयन सम्बन्धि कार्यमा प्राविधिक सहयोग उपलब्ध गराउन गरेको पाइन्छ ।

स्रोतव्यक्तिले सामन्यतया प्रशासनिक रुपमा जिल्ला शिक्षा अधिकारी प्रति कार्यक्रम गत रुपमा सम्बन्धित विद्यालय निरिक्षक स्रोतकेन्द्र व्यवस्थापन समिति सदस्य र समूह विद्यालय प्रति उत्तरदायी वहन गरेको पाइन्छ । महिनामा कम्तिमा १० ओटा विद्यालयको निरिक्षण गर्ने गरिएको र विद्यालमा कम्तिमा दुइवटा नमूना पाठ प्रर्दशन गरी सम्बन्धित शिक्षक संग अर्न्तक्रिया साथै पृष्ठपोषण कक्षा अवलोकन गर्दा अगाडी दिइएको निर्देशन र पृष्ठपोषणको कार्यान्वयनको जानकारी लिइ सम्बन्धित शिक्षक र प्र.अ. संग समेत छलफल गर्ने गरी अनुसन्धानात्मक तहलाई व्यवस्थित गरिएको पाइन्छ ।

# सन्दर्भ सूची


अधिकारी, नारायणप्रसाद, (२०६७), *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाडौं :सनलाइट पब्लिकेसन ।

अधिकारी, बिष्णुप्रसाद, (२०६६),*शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली,* काठमाडौं :आशिष बुक्स हाउस ।

कङ्दङ्वा तिलविक्रम, (२०७१),*शैक्षिक उपलब्धिमा विद्यालय सुपरिवेक्षण प्रक्रिया*(अप्रकाशित स्तानकोत्तर शोधपत्र),कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा ।

सिवाकोटी, सारदा,(२०६९),*विद्यालय सुपरिवेक्षण शैलीको कार्यान्वयन अवस्था* ( अप्रकाशित स्नातकोत्तरशोधपत्र),कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा ।

कोइराला, विद्यानाथ, गौतम, प्रदिपचन्द्र र लुइँटेल, रमेशप्रसाद, (२०६४),*शैक्षिकप्रशासन र सुपरिवेक्षण,*काठमाडौं : क्वेस्ट पब्लिकेशन ।

काफ्ले, वासुदेव, श्रेष्ठ, चन्द्रबहादुर र सिन्हा, रामश्वरुप, (२०५९),*शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल, (२०६७),*शैक्षिक अनुसन्धान पद्दति* , काठमाडौं :सनलाइट पब्लिकेशन ।

जोशी, सिद्धराज, (२०६६),*गुणस्तरीय शिक्षाका लागि स्रोतव्यक्तिको भूमिका* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, काठमाडौं ।

पाण्डे, तारा, (२०६६), *नेपालको शैक्षिक सुरिवेक्षणमा देखिएका चुनौति* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, काठमाडौं ।

पौडेल, बावुराम, पोखरेल, कमल, प्रसाद, आचार्य, सुवासचन्द्र र कलौनी, दिपकराज, (२०६२),*नेपालको शैक्षिक पद्दति* , काठमाडौं : सनलाईट पब्लिकेशन ।

भट्ट, केशवदत्त,(२०६७),*शिक्षक शिक्षामा स्रोतकेन्द्रको भूमिका (*अप्रकाशित स्नातकोत्तर शोधपत्र),त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, काठमाडौं ।

भट्टराई, टोपाराम, (२०६७), *विद्यालय सुपरिवेक्षक र शिक्षकबीचको अन्तरसम्बन्धलेशैक्षिक उपलब्धिमा पारेको प्रभाव* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवनविश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, काठमाडौं ।

शाह, प्रमोदकुमार, (२०६३), *प्राथमिक तहमा प्रधानाध्यापकको भुमिका रअनिश्चितता,* वार्षिक शैक्षिक पत्रिका, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

Best, J.W. & Kahn, J.V.(2008), *Research in Education (10thed.)*,Delhi: Prentice Hall of India.

Kerlinger, F.N.(1993). *Foundation of Behavior Research.*New Delhi: Surjeet Publication.

Khanal, H.P. (2005), *School Supervision of Nepal: An Investigation onthe Current Practice* (Unpublished M.Phil. Dissertation, Kathmandu University.

Koul, L. (1997). *Methodology of Educational Research(3rded.).*New Delhi: Vikash Publication House P.Ltd.

## विद्यालय सुपरिवेक्षणमा स्रोतकेन्द्रको भूमिका

## अनुसूची १

## स्रोतव्यक्तिका लागि अन्तर्वार्ताका प्रश्नहरु

१. स्रोतव्यक्तिमा नियुक्त हुनु भएको कति वर्ष भयो ?

२. स्रोतकेन्द्रले विद्यालयहरुलाई दिने सुपरिवेक्षण सेवाहरु के के हुन् ?

३. स्रोतकेन्द्रबाट समूह विद्यालयले कस्तो सहयोगको अपेक्षा गर्छन ?

४. आफ्नो क्षेत्रका सबै विद्यालय सुपरिवेक्षणमा पुग्नु भएको छ ?

५. साधारणतया एक बर्षमा एउटा विद्यालयमा कति पटक पुग्नु हुन्छ ?

६. तपाईको सुपरिवेक्षण भ्रमण मुख्य केमा केन्द्रित हुन्छ ? प्रशासनिक तर्फ के के ? शैक्षणिक तर्फ के के ?

७. के उपचारात्मक सुपरिवेक्षण अपनाउनु भएको छ ?

८. विद्यालय सुपरिवेक्षणका क्रममा प्र.अ.,शिक्षक, तथा वि.व्य.स. बाट कस्तो सहयोग
पाउँने गर्नुभएको छ ?

९.विद्यालय सुपरिवेक्षण पछि दिइएको सल्लाह, सुझाव तथा निर्देशन पालनामा
विद्यालयहरु कति संवेदनशील छन ?

१०.स्रोतकेन्द्रले गर्ने सुपरिवेक्षणबाट समूह विद्यालयलाई के के कुरामा फाइदा पुगेको मान्नु हुन्छ ?

११. तपाईको विचारमा स्रोतकेन्द्रमार्फत हुने विद्यालय सुपरिवेक्षणबाट विद्यालयलाई अपेक्षित फाइदा पुगेका छ ?

१२. स्रोतकेन्द्रलाई दिइएको अधिकार प्रति तपाई सन्तुष्ट हुनुहुन्छ ?

१३ स्रोतकेन्द्रले सामना गर्नु परेका मुख्य समस्या के के हुन ?

१४.स्रोतकेन्द्रमार्फत विद्यालय सुपरिवेक्षणलाई प्रभावकारी बनाउन स्रोतकेन्द्रका परिवर्तित भूमिका के के हुन सक्छन ?

## विद्यालय सुपरिवेक्षणमा स्रोतकेन्द्रको भूमिका

## अनुसूची २

## प्र.अ.का लागि अर्न्तवार्ताका प्रश्नहरु

१. प्र.अ. पदमा नियुक्त हुनु भएको कति समय भयो ?

२. गतबर्ष तपाईको विद्यालयमा कति पटक स्रोतव्यक्ति वा सुपरिवेक्षक सुपरिवेक्षण गर्न आउनु भयो ?

३. तपाईले निमन्त्रणा गरेको समयमा सुपरिवेक्षक विद्यालयको सुपरिवेक्षण गर्न आउनु भएकोछ?

४. स्रोतकेन्द्रले के के कुरामा सहयोग गरेको छ ?

५. स्रोतकेन्द्रको सुपरिवेक्षणले शिक्षकको शिक्षण सिकाइमा सहयोग गरेको छ ?

६. सुपरिवेक्षकले सुपरिवेक्षणको समयमा कुन कार्यलाई बढी प्राथमिकता दिने गरेका
छन् ?

७. स्रोतकेन्द्रले प्रदान गर्ने सुपरिवेक्षण सेवाले शिक्षकमा अपेक्षित सीप विकास भएका छन् ?

८. तपाईले चाहिँ कक्षा अवलोकन गर्ने गर्नु भएको छ कि छैन ?

९. स्रोतकेन्द्रमार्फत विद्यालय सुपरिवेक्षणलाई प्रभावकारी बनाउन के सुझाव दिनुहुन्छ ?

## विद्यालय सुपरिवेक्षणमा स्रोतकेन्द्रको भूमिका

## अनुसूची ३

## वि.व्य.स. पदाधिकारीका लागि प्रश्नावली

१. शिक्षा ऐन तथा नियमावलीमा प्रद्धत वि.व्य.स का काम, कर्तव्य र अधिकार प्रति तपाईं अद्यावधिक हुनु हुन्छ ?

२. तपाईको विद्यालयमा सुपरिवेक्षण गर्न को को आउनु हुन्छ ?

३. तपाईले चाँहि विद्यालयको सुपरिवेक्षण गर्नु भएको छ ?

४. स्रोतकेन्द्रका सुपरिवेक्षकसँग तपाईको के अपेक्षा हुन्छ ?

क) आर्थिक सहयोग ख) प्रशासनिक सहयोग

ग) नमुना पाठ प्रर्दशन घ) कक्षा अवलोकन

५. सुपरिवेक्षकले दिएको सल्लाह सुझाव कार्यान्वयनमा वि.व्य.स को तर्फबाट के पहल गर्नु भएको छ ?

६. स्रोतकेन्द्रले गर्ने सुपरिवेक्षणबाट तपाईको विद्यालयलाई के फाइदा पुगेको मान्नु हुन्छ?

७. वि.व्य.स., विद्यालय र स्रोतकेन्द्र बीच कुनकुन कार्यमा समन्वय गर्नुभएको छ ?

८. शिक्षकका सिकाइ समस्या हल गर्न स्रोतकेन्द्रको सुपरिवेक्षण पर्याप्त छ ?

९. स्रोतकेन्द्रको समन्वय प्रक्रिया कस्तो रहेको छ ?

१० विद्यालय सुपरिवेक्षणमा प्रभावकारिता ल्याउन स्रोतकेन्द्रले थप के के गर्नु पर्ला ?

## अनुसूची ४

## शिक्षकका लागि अर्न्तवार्ताका प्रश्नहरु

१. कक्षा शिक्षणमा देखापरेका समस्या हल गर्न कसको सहयोग लिनु हुन्छ ?

२. विद्यालयको सुपरिवेक्षण गर्न को को आउँने गर्नु भएको छ ?

३. स्रोतकेन्द्रले के के कुरामा सहयोग गरेको छ ?

४. सुपरिवेक्षण गर्न आउनेले कक्षा अवलोकन गरी सल्लाह सुझाव पनि दिने गर्छन् ?

५.सुपरिवेक्षकले गरेको कक्षा अवलोकन र दिएको पृष्ठपोषणले तपाईंको सिकाइ समस्या हल भएको छ ?

६. तपाईले दैनिक कक्षा शिक्षणका लागि पाठ योजना निर्माण गर्ने गर्नु भएको छ ?

७. सुपरिवेक्षकसँग तपाईको सम्वन्ध कस्तो छ ?

८. सुपरिवेक्षकले सुपरिवेक्षणको समयमा कुन कार्यमा बढी प्राथमिकता जोड दिने गरेका छन् ?

९. सुपरिवेक्षकसँग बसेर सुपरिवेक्षणको पूर्व योजना बनाउने गर्नु भएको छ ?

१०. प्र.अ, वि.व्य.स. बाट पनि विद्यालय सुपरिवेक्षण हुने गरेको छ ?

११. स्रोतकेन्द्र, स्रोतव्यक्ति वा सुपरिवेक्षकले के गरिदिए तपाईको दैनिक शिक्षण सिकाइमा आएका समस्या समाधान गर्न सहयोग पुग्ने ठान्नुहुन्छ ?

## अनुसूची ५

**श्री तोपगाछी स्रोतकेन्द्रका विद्यालयको विवरण**

क्र.सं. विद्यालयको नाम ठेगाना कैफियत

१ श्री शहिद धर्मभक्त मा.वि कमल - ३

२ श्री मंगलमय मा.वि कमल - ५

३ श्री भानु मा.वि शिवसताक्षी -

४ श्री कमला मदनआश्रित मा.वि कमल - २

५ श्री नरेन्द्र जनता मा.वि कमल - १

६ श्री वाणी मा.वि. कमल - ५

७श्री महेन्द्ररत्न मा.वि कमल - २

८ श्री सरस्वती मा.वि कमल - ६

९ श्री लक्ष्मीनारायण मा.वि शिवसताक्षी -

१० श्री मोती मा.वि. शिवसताक्षी -

११ श्री ज्योति नि.मा.वि कमल - २

१२ श्री गुहेश्वरी नि.मा.वि कमल - ५

१३ श्री सरस्वती नि.मा.वि कमल - २

१४ श्री वासवारी नि.मा.वि कमल - १

१५ श्री सिद्धदेवी प्र.वि. कमल - ५

१६ श्री अरनिको प्र.वि. कमलं - ७

१७श्री सिंहदेवी प्र.वि. कमल - ६

१८ श्री शहिद रत्न प्र.वि. कमल - १

१९श्री पञ्चकन्या प्र.वि. कमल - ६

२० श्री पिडडाँडा प्र.वि कमल - ६

२१ श्री ज्योति प्रा.वि. कमल - ४

२२ श्री कञ्चनजंघा प्रा.वि. कमल - ३

२३ श्री कालिका प्रा.वि कमल - १

२४ श्री नवदुर्ग प्रा.वि कमल - १

२५ श्री पाथिभरा प्रा.वि शिवसताक्षी -

२६ श्री हिमालय प्रा.वि. शिवसताक्षी -

२७श्री शान्ति प्रा.वि शिवसताक्षी -

## विद्यालय सुपरिवेक्षणमा स्रोतकेन्द्रको भूमिका

## अनुसुची ६

## कक्षागत विद्यार्थी विवरण

## श्री सरस्वती मा.वि. दमक १४, ईटाभट्टा (झापा)

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| शिशु | १५ | २५ | ४० |
| केजी | २१ | २३ | ४४ |
| १ | २४ | २० | ४४ |
| २ | २१ | २६ | ४७ |
| ३ | २३ | २९ | ५२ |
| ४ | २८ | २९ | ५२ |
| ५ | ३३ | २९ | ५७ |
| प्रा.वि. तहको जम्मा | १६५ | १८१ | ३४६ |
| ६ | ३१ | ३० | ६१ |
| ७ | ३३ | २९ | ६२ |
| ८ | ३२ | ३४ | ६६ |
| नि.मा. तहको जम्मा | ९६ | ९३ | १८९ |
| ९ | ९९ | ७२ | १७१ |
| १० | ८९ | ४६ | १३५ |
| ११ | ६५ | ४४ | १०९ |
| १२ | ४७ | २४ | ७१ |
| मा.वि. तहको जम्मा | ३०० | १८६ | ४८६ |
| कुल जम्मा | ५६१ | ४६० | १०२१ |

## अनुसुची७

## जि.शि.अ., वि.नि. श्रोतव्यक्ति र नमुना छनोटमा परेका प्र.अ. हरुको विवरण

| क.सं. | अध्यक्षको नाम | प्द | योग्यता | ठेगाना |
|---|---|---|---|---|
| १ | धन ब. लिम्बु | जि.शि.अ. | एम.एड. | जि.शि.अ. चन्द्रगडी |
| २ | टिकाराम निरौला | वि.नि. | विएड. ए. | जि.शि.का. भद्रपुर |
| ३ | कोषराज न्यौपाने | वि.नि. | एम.एड. | धनकुटा स्रोतकेन्द्र |
| ४ | दलबहादुर तामाङ्ग | प्र.अ. | आइ.एड. | नरेन्द्र मा.वि. |
| ५ | पदम ब. तामाङ्ग | प्र.अ. | एम.एड. | वाणी मा.वि. |
| ६ | केवश भट्टराई | स्रोतव्यक्ति | एम.एड. | दमक |
| ७ | दिलिप श्रेष्ठ | प्र.अ. | एम.एड. | सरस्वती मा.वि. |
| ८ | कान्ता निरौला | शिक्षक | वि.एड. | धरमपुर तोपगाछी |
| ९ | मेदनी निरौला | अभिभावक | आइ.एड. | तोपगाछी |
| १० | हेमनारायण अधिकार | वि.व्य.सं. अध्यक्ष | आइ.ए. | तोपगाछी |

## विद्यालय सुपरिवेक्षणमा स्रोतकेन्द्रको भूमिका

## अनुसुची ८

## विद्यालयमा अभिभावकको सहभागिता र विद्यार्थी

## “विद्यालयको भौतिक अवस्था”

| क.सं. | विवरण | अवस्था | प्रतिशत | अवस्था | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कक्षा कोठा | मध्यम ५ | ६५ | अपर्याप्त ४ | ३२ |
| २ | फर्निचर | पर्याप्त ६ | ७५ | अपर्याप्त २ | ३१ |
| ३ | कक्षाकोठाको वातावरण | मध्यम ६ | ६७ | निम्नस्तर ४ | ३२ |
| ४ | प्रयोगशाला | भएको ३ | २१ | नभएको ५ | ७१ |
| ५ | खेलमैदान | पर्याप्त ४ | ५४ | अपर्याप्त ४ | ४३ |
| ६ | पिउने पानी | सामान्य ५ | ६६ | निम्नस्तर ३ | ३२ |
| ७ | शौचालय | भएको ३ | ३१ | नभएको ६ | ६७ |
| ८ | कम्पाउण्डवाल | लगाएको २ | २१ | नभएको १ | ७५ |
| ९ | भवन | भएको ८ | ८९ | नभएको १ | ११ |

**स्रोत :- स्थलगत अध्ययन २०७४**

## अनुसुची ९

## नमुना छनोटमा परेका शिक्षकहरुको विवरण

| क्र.सं. | शिक्षकको नाम र थर | योग्यता | विद्यालयको नाम र ठेगाना |
|---|---|---|---|
| १ | हिमप्रसाद दहाल | एम.ए. | कमला मा.वि. क्याम्पा |
| २ | मत्रिकाप्रसाद नेपाल | एम.एड. | कंञ्चनजंघा नि.मा.वि. केराधाप |
| ३ | मदन मिश्र | एम.एड. | कमला मा.वि. क्याम्पा |
| ४ | ंअबिचन्द्र नेपाल | वि.एड | महेन्द्र मा.वि. इटहरा |
| ५ | केशव बुढाथोकी | वि.एड. | नरेन्द्र वाणी मा.वि. तोपगाछी |
| ६ | रञ्जु भण्डारी | एम.एड. | मोती मा.वि. धरमपुर |
| ७ | गीता गड्तौला | आइ.ए.सी | ज्योति मा.वि. तोपगाछी |
| ८ | उमा सिवा | एस.एल.सी. | महेन्द्र मा.वि. तोपगाछी |
| ९ | सीता निरौला | आइ.ए. | भानु मा.वि. धरमपुर |
| १० | दुर्गा नेपाल | वि.ए. | सरस्वती मा.वि. तोपगाछी |
| ११ | ठाकुर पर्साङ | आइ.ए. | महेन्द्र मा.वि. तोपगाछी |
| १२ | गीता काफ्ले | वि.एड. | वाणी मा. वि. तोपगाछी |
| १३ | नर ब. थापा | वि.ए.सी | सरस्वती मा.वि. दमक |
| १४ | देवीभक्त निरौला | वि.ए. | मदन आश्रित केर्खा |

ंस्रोत : स्थलगत सर्वेक्षण २०७४

## विद्यालय सुपरिवेक्षणमा स्रोतकेन्द्रको भूमिका

## अनुसुची १०

## सर्भेक्षण फारम

विद्यालय नाम :-

ठेगाना :-

तहः-

१. विद्यालय सुपरिवेक्षण प्रक्रियाको स्थिति २०७१ २०७२ २०७३

क) स्रोतव्यक्तिले गरेको सुपरिवेक्षण

ख) वि.नि.ले गरेको सुपरिवेक्षण

ग) वि.व्य.स. ले गरेको सुपरिवेक्षण

घ) जि.शि.अ ले गरेको सुपरिवेक्षण

ङ) अन्य व्यक्ति तथा संस्थाले गरेको निरिक्षण

२. भौतिक पूर्वाधारको अवस्था

क) पर्याप्त

ख) अपर्याप्त

ग) अपर्याप्त भए के के ?

३. शिक्षक / विद्यार्थी विवरण २०७१ २०७२ २०७३

क) शिक्षक संख्या

अ) प्रा. वि.

आ) नि. मा. वि

इ) मा. वि.

ख) विद्यार्थी संख्या

अ) प्रा. वि.

आ) नि. मा. वि.

इ) मा. वि.

४. विद्यालयमा प्र.अ. ले संञ्चालन गर्न कार्यक्रमहरु

क) शिक्षक वैठक

ख) शैक्षिक मुद्धा सम्बन्धि छलफल

ग) अभिभावकसँगको अन्तरक्रिया

घ) वि. व्य. स. को वैठक

ङ) कक्षागत / विषयगत उपलब्धि विश्लेषण

च) सुधारका लागि कार्ययोजना निर्माण

५. विद्यालय अनुगमन समिति

क) गठन भएको

ख) गठन नभएको

६. शैक्षिक उपलब्धिको स्थिति २०७१ २०७२ २०७३

क) कक्षा ५ को शैक्षिक उपलब्धिको औषत %

ख) कक्षा ८ को जिल्ला स्तरीय परीक्षाको नतिजाको प्रतिशत

ग) कक्षा ७ को परीक्षाको नतिजा प्रतिशत

**विद्यालय सुपरिवेक्षणमा स्रोतकेन्द्रको भूमिका**

**अनुसुची ११**

**कक्षा अवलोकन फारम**

विद्यालयको नाम : मिति :

शिक्षकको नाम : कक्षा :

विषय : पाठ समय :

| १. सामान्य कक्षा चले नचलेको | शिक्षक पाठमा तयारी | | शिक्षक समयमा कक्षा व्यवस्था कक्षामा | | | | पाठका उदेश्य | | शिक्षकले विषय वस्तुमा उत्प्रेरणा जगाउन | | शिक्षकलाई विषयवस्तुमा राम्रो ज्ञान | | सुझाव कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छ | छैन | आए | नआएको | राम्रो | नराम्रो | भए | नभएको | सक्ने | नसक्ने | छ | छैन | |
| | | | | | | | | | | | | | |

| २.शैक्षिक सामग्री | चार्ट | | पत्रपत्रिका | | कालोपाटी | | फ्लाटिन बोर्ड | | तस्वीर | | कटपिस | | ग्राफ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| | | | | | | | | | | | | | | |

| ३. शिक्षण क्रियाकलाप | पूर्वपाठमा आधारित | | शिक्षण क्रियाकलाप | | विद्यार्थीलाई प्रश्न सोध्ने | | प्राप्त उत्तर बोर्डमा लेख्ने | | विद्यार्थीले अध्ययनमा ध्यान | | शिक्षकले लगाएको काम | | सुझाव अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| | | | | | | | | | | | | | | |

| ४. शिक्षण विधि | प्रर्दशन | छलफल | व्याख्या | अभिनय | समस्या समाधन | शैक्षिक भ्रमण | सुझाव |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| ५. मुल्याङ्कन लिखित मौखिक | अध्यापनको साथै गर्ने | | सबै विद्यार्थीलाई समेट्ने किसिमको | | विद्यार्थीहरुले बोर्डको प्रयोग गरे नगरेको | | ठीक उत्तर भएमा प्रेरणा | | केटाकेटीहरुको बराबर सहभागीता | | सुझाव अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गरेको | नगरेको | छ | छैन | गरेको | नगरेको | दिएको | नदिएको | भए | नभएको | |
| | | | | | | | | | | | |

| ६.गृहकार्य | पर्याप्त | | पाठ सुहाउदो | | विद्यार्थीहरुले | | छोटो उत्तर लेख | | परीक्षण | | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दिएको | नदिएको | भए | नभएको | छ | छैन | दिए | नदिएको | भए | नभएको | |
| | | | | | | | | | | | |

## अनुसुची १३

## कक्षा विद्यार्थी विवरण

## श्री सरस्वती मा.वि.दमक १४ , इटाभट्टा ( झापा )

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| शिशु | १५ | २५ | ४० |
| केजी | २१ | २३ | ४४ |
| १ | २४ | २० | ४४ |
| २ | २१ | २६ | ४७ |
| ३ | २३ | २९ | ५२ |
| ४ | २८ | २९ | ५७ |
| ५ | ३३ | २९ | ६२ |
| प्रा.वि. तहको जम्मा | १६५ | १८१ | ३४६ |
| ६ | ३१ | ३० | ६१ |
| ७ | ३३ | २९ | ६२ |
| ८ | ३२ | ३४ | ६६ |
| नि.मा. तहको जम्मा | ९६ | ९३ | १८९ |
| ९ | ९९ | ७२ | १७१ |
| १० | ८९ | ४६ | १३५ |
| मा. वि. तहको जम्मा | १८८ | ११८ | ३०६ |
| ११ | ६५ | ४४ | १०९ |
| १२ | ४७ | २४ | ७१ |
| उ.मा.वि तहको जम्मा | ११२ | ६८ | १८० |

| कुल जम्मा | ५६१ | ४६० | १०२१ |
|---|---|---|---|

**विद्यालय सुपरिवेक्षणमा स्रोतकेन्द्रको भूमिका**

**अनुसुची १४**

**विद्यालय सुपरिवेक्षण प्रक्रियाको वर्तमान अवस्था**

| क्र.सं. | विद्यालयको नाम | स्रोत व्यक्ति | | | वि.नि | | | अन्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७१ | २०७२ | २०७३ | २०७१ | २०७२ | २०७३ | २०७१ | २०७२ | २०७३ |
| १. | शहिद धर्मभक्त मा.वि. | ३ | २ | ४ | ४ | - | १ | - | - | - |
| २. | मंगलमय मा.वि. | २ | ३ | ३ | २ | १ | २ | - | १ | - |
| ३. | कमला मा.वि. | ४ | ४ | ३ | १ | - | - | १ | - | १ |
| ४. | कञ्चनजंघा नि.मा.वि. | ४ | २ | ३ | २ | १ | १ | - | १ | १ |
| ५. | सरस्वती मा.वि. | ४ | ३ | ४ | २ | १ | १ | १ | - | - |
| ६. | भानू मा.वि. | २ | २ | १ | १ | - | २ | १ | - | १ |
| ७. | मोती मा.वि. | ३ | ४ | ३ | १ | - | १ | १ | - | २ |
| ८. | ज्योति मा. वि. | ४ | २ | ३ | १ | - | - | १ | - | १ |
| ९. | महेन्द्र मा.वि. | ४ | २ | ३ | - | १ | - | १ | - | १ |
| जम्मा वार्षिक निरिक्षण | | ३० | २४ | २७ | १४ | ४ | ८ | ६ | २ | ७ |
| वार्षिक औषत निरिक्षण | | ३.१२ | २.६१ | ३.१ | ०.३२ | ०.१ | ०.९ | ०.८ | ०.७ | ०.७ |

स्रोत : विद्यालय निरिक्षण पुस्तिका २०७३